गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को त्रैमासिक प्रकाशन

# ग्लोबल नेपाली

NRN
Non Resident Nepali Association
For Nepali By Nepali

Issue 13, December 2012 - March - 2013

अंक १३, पुस-चैत्र, २०६९



रसियामा निर्मित नेपाली घर ।

आवरण

# विश्वभर नेपाल चिनिंदै

**बुद्ध जन्मेको देश ।** सगरमाथाको देश । जन्मभूमि नेपालप्रति गर्व गर्ने कैयन् यस्ता आधार भए पनि विश्वभर नेपालको ख्याति स्थापित भइरहेको छैन। नेपाल चिनाउन सरकारी तथा विभिन्न शुभेच्छुकहरूको पहल भने लामो समयदेखि रहँदैआएको छ। सन् १९९८ पहिलो पटक नेपाल भ्रमण वर्ष आयोजना गरेर विदेशीमाझ नेपाल चिनाउन सरकारले औपचारिक कदम चालेको थियो।

सन् २००३ मा गैरआवासीय नेपाली (एनआरएन) अभियान शुरु भएपछि भने विदेशमा नेपाल प्रवर्द्धनले नयाँ गति पायो। अहिले एनआरएनको अन्तर्राष्ट्रिय समन्वय परिषद् (आईसीसी) र यस अर्न्तगतका विभिन्न राष्ट्रिय समन्वय परिषद् (एनसीसी) ले यो अभियानलाई औपचारिक रूपमै अघि बढाइरहेका छन्। सरकारसँग र निजी क्षेत्रका अन्य संस्थासँगको समन्वय त छँदैछ। जसअन्तर्गत कतिपय देशमा नेपाल हाउस (नेपाली सांस्कृतिक भवन) र जातजातिका सांस्कृतिक धरोहरसहित मन्दिर तथा बौद्ध गुम्बाहरूमा नेपालीपन झल्काएर पनि विदेशीलाई आफ्नो मुलुकको संस्कृतिको अब्बल परिचय दिलाउने क्रम चलिरहेको छ। त्यस अलावा विभिन्न देशमा आयोजना हुने फुड फेष्टिवल, व्यापार मेला र उत्सवहरूमा नेपाली परिकारसहित उपस्थित भई विदेशीलाई मौलिक स्वाद चखाउनु परदेशमा नेपाल चिनाउने अर्को शैली भएको छ। यस्ता गतिविधिले विदेशमै हुर्किएको दोस्रो पुस्ताका नेपालीहरूलाई पनि आफ्नो मातृभूमिसँग जोडेको संघका अध्यक्ष जीवा लामिछानेको अनुभव छ। अध्यक्ष लामिछाने भन्नुहुन्छ, "त्यसैले यस्ता कार्यक्रम विस्तारमा जोड दिएका हौं, जसबाट हाम्रा सन्ततिमा नेपालप्रतिको चासो र जिज्ञासा बढिरहोस्।" दोस्रो पुस्ताका नेपालीलाई स्वदेशप्रति जानकारी प्राप्त भयो भने उनीहरूले आफूसँगै हुर्किएका विदेशीहरूलाई पनि नेपालप्रति आकर्षित गर्न सक्नेछन्।

नेपालको विकासमा पर्यटनको प्रमुख भूमिका छ जसको लागि विदेशमा बस्ने नेपालीको योगदान अतुलनीय रहेको अनुभव सरकारी अधिकारीहरू नै बताउँछन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुशील घिमिरे कामदार, व्यवसायी या विद्यार्थी जुनसुकै रूपमा विदेश बसेका भए पनि उहाँहरूले अन्तर्राष्ट्रिय बजारमा नेपालको ब्रान्ड एम्बेसेडरको काम गरिरहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "उनीहरूसँग थप सहकार्य गर्दै राज्यले पर्यटन नीति अवलम्बन गर्नेछ *(हे. बक्स अन्तर्वार्ता)*।

अहिले पर्यटन विकासमा सरकार, निजी क्षेत्र र विदेशमा बस्ने नेपालीहरूको संयुक्त पहल हुँदैआएको छ। तीन वर्षअघि 'एक साथी घर पठाउँ' अभियान अन्तर्गत विदेशमा बसेका नेपालीहरूले सरकार तथा पर्यटन बोर्डसँगको सहकार्यमा धेरै विदेशीलाई नेपाल घुम्न पठाएका थिए। पर्यटन वर्ष २०१२ पनि यस्तै सहकार्यमा भएको हो।

पर्यटनविज्ञ कर्ण शाक्य १० वर्षमा नेपालमा विकासको हिसाबले आमूल परिवर्तन भएको भन्दै नेपालको सुन्दरता र विशेषताका बारेमा विश्वभर फैलाउने प्रमुख भूमिका विदेशमा रहेका नेपालीको रहेको बताउनुहुन्छ। नेपाल भ्रमण वर्ष १९९८ आयोजक मूल समितिका संयोजक समेत रहनुभएका शाक्य भन्नुहुन्छ, "एनआरएन साथीहरूसँग नेपाल र नेपाली जनताले धेरै आशा गरेका छन्, त्यो उहाँहरूले राम्ररी बुझेको हुनुपर्छ।" *(हे. लेख)*

**सबै क्षेत्रमा उत्तिकै**

धेरै बुद्धमार्गीहरू बसोबास गर्ने कोरियाका ७ प्रतिशत जनताले मात्र बुद्धको जन्मथलो नेपाल हो भन्ने थाहा

- रसियामा नेपाल हाउस निर्माण सम्पन्न, नेपालबाटै ४० टन सामान लगेर बनाइएको हाउसमा पुग्ने जो कोहीलाई नेपाली घरमै पुगेको अनुभूति।
- बेल्जियम, दक्षिण कोरिया, जापान, अष्ट्रेलिया, अमेरिका लगायतका मुलुकमा पनि त्यहाँको स्थानीयतालाई सुहाउँदो नेपाल हाउस बन्दै।
- न्युजिल्यान्डमा तेन्जिङ नोर्गे र एडमण्ड हिलारी सेन्टर स्थापनाको पहल।
- विभिन्न मुलुकमा सांस्कृतिक कार्यक्रमसहित नेपाल महोत्सव आयोजना।
- अमेरिका र क्यानडा चल्ने ट्रकमा नेपाल झल्काउने तस्बिर अंकित।
- नेपाली हस्तकलाका उत्पादनको अन्तर्राष्ट्रिय बजारीकरण, वर्षेनि निर्यात बढ्दो।
- नेपालीपन झल्किने मन्दिर र गुम्बाहरू।
- नेपाली साहित्यलाई विश्वव्यापी बनाउने अभियान।
- दोस्रो पुस्तालाई नेपालसँग जोड्न विभिन्न कार्यक्रम।
- जापानलगायतका देशमा नेपाली चिनाउने टेलिभिजन कार्यक्रमहरू सञ्चालित।

**यस अंकमा**


- आवरणः विश्वभर नेपाल चिनिंदै १-३
- विचारः *कर्ण शाक्य* ४
- विशेष अन्तर्वार्ताः *इन्द्र वन* ५
- रिपोर्ट/समाचार ६-९
- चिनारी १०
- गतिविधि ११
- फोटो फिचर १२



# पर्यटन दूतको भूमिका

**सुशील घिमिरे**
सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल पर्यटन प्रवर्द्धनमा एनआरएनको सहयोग कस्तो छ ?

विदेशमा बसोबास गर्ने या कुनै काम विषेशले जाने नेपालीहरूले पर्यटन विकासमा पुऱ्याएको योगदान उच्च छ । सरकारले सञ्चालन गरेको नेपाल भ्रमण वर्ष १९९८, नेपाल पर्यटन वर्ष २०११ तथा लुम्बिनी भ्रमण वर्ष २०१२ जस्ता कार्यक्रम सफल पार्न उनीहरूको प्रमुख भूमिका थियो । अहिले त झन् गैरआवासीय नेपाली संघले स्वदेशी प्रवर्द्धनकै लागि भनेर विभिन्न कार्यक्रम गर्न थालेपछि स्वभाविक रूपमा नेपालको विविध पक्षको बारेमा विश्वले थाहा पाइरहेको छ ।

यसको लागि कुनै औपचारिक सहकार्य नै छ कि ?

नेपालका लागि पर्यटन विदेशी मुद्रा आर्जन र रोजगारीको बलियो माध्यम हो । अहिलेसम्म यो क्षेत्रको विकासमा गैरआवासीय नेपालीहरूले पुऱ्याएको योगदान हेर्दा उहाँहरूले पर्यटन दूतकै भूमिका निर्वाह गरिरहनुभएको छ । अहिले देशमा शान्ति छ, त्यसैले अहिले पर्यटक छन्, नेपाल भित्र्याउन अनुकूल भएको छ । त्यसैले यो क्षेत्रको आधारभूत विकासका लागि गैरआवासीय नेपालीहरूसँग समन्वय नै गरेर नीति-नियम तर्जुमा गर्नुपर्छ भन्ने सरकारको मान्यता छ ।

एनआरएन आफैं पनि नेपालका लागि पर्यटक बन्न थाले होइन ?

हो, विदेशमा बसोबास गर्ने नेपालीहरूको सुध्रंदो जीवनशैलीसँगै उहाँहरू आफैं पर्यटक बनेर स्वदेश घुम्न आउने क्रम बढ्दो छ । सँगसँगै अभिभावकहरूमार्फत दोस्रो पुस्ताको जनशक्तिले पनि नेपालको बारेमा राम्रो थाहा पाइरहेका छन् । जसले गर्दा भोलिका दिनमा उनीहरूले आफ्नो ज्ञान, सीप र धनलाई नेपालमा विकासका लागि प्रयोग गर्न सक्छन् । पछिल्लो समयमा विदेशमा उद्यमीको रूपमा सफल भएका नेपालीहरूले होटल, रिसोर्ट तथा लज लगायतका पर्यटन उद्योगमा समेत लगानी गर्न थालेका छन्, जसले गर्दा विदेशी पर्यटक आउने सम्भावना थप बलियो बन्दै गएको छ । ■



लण्डनमा वरिष्ठ साहित्यकारहरूको तस्वीर अनावरण गर्दै नेपाली राजदूत डा. सुरेशचन्द्र चालिसे लगायत ।

# साहित्यको भूमिका पनि उत्तिकै

**एकीन** तथ्यांक नभए पनि एनआरएनको शाखा ६४ मुलुकमा फैलिनु र अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको मात्रै शाखाहरू झण्डै ३ दर्जन मुलुकमा हुनु र १३ मुलुकमा विश्व नेपाली साहित्य महासंघ नै स्थापना हुनुले विश्वमा नेपालीको फैलंदो प्रभावलाई अनुमान गर्न सकिन्छ । परिश्रमी र इमानदार स्वभाव त छँदैछ सँगसँगै सानो भूगोल, सुन्दर बनावट, मिश्रित संस्कार-संस्कृति भएको देशको नागरिक भएकाले नै हामी विदेशमा स्थापित हुन सकिरहेका हौं ।

विदेशको अनुभव र स्वदेशको स्रोतलाई मिलाउन एनआरएनको भूमिका प्रमुख छ । त्यसैले विश्वभर भएका साहित्यिक लगायत विभिन्न संघसस्थाले सर्वोच्च शिखर सागरमाथा, भगवान् गौतमबुद्ध जन्मेको पवित्र भूमि भएको र विश्वका बहादुर गोर्खालीहरूको देश जस्ता विभिन्न विशेषता र महत्वको देश नेपाल भनेर चिनाउन नेपालीहरू तल्लिन् छन् । एकजना विदेशी नेपालको पुग्दा ऊसँगै अन्य धेरै सम्भावना पनि भित्रन्छन् जसले देश विकासको लागि भूमिका खेलिरहेको हुन्छ । जसको लागि नेपालको सुन्दरता पक्षलाई वर्णन गरी लेखिएको लेख, साहित्य सिर्जना तथा पुस्तकहरूले पनि विश्वमा निकै भूमिका खेल्दै आएको छ ।

अरु जस्तै साहित्यिक विधामार्फत मातृभूमिलाई विश्वभर फैलाउने र विदेशमा बस्दा स्वेदशलाई सम्झने गतिलो माध्यम बनेको नेपाली डायस्पोरा साहित्यले बताउँदै आएको छ । स्रष्टाहरू समाजका सचेत र आफ्नो सम्वेदना तथा पीडा, वेदना पोख्नसक्ने भएकोले नै हुनुपर्छ डायस्पोरा साहित्यमा बढी नेपाल र नेपालीत्वको माया देखिएको छ । ■

विश्वास दीप तिगेला

पाएका थिए । त्यसैले २००७ पछि निरन्तर 'बुद्ध नेपाल अभियान' सञ्चालन गरिएको संघका महासचिव तेन्जी शेर्पा बताउनुहुन्छ । संघअन्तर्गत प्रमोसन अफ नेपाल एब्रोड (विदेशमा नेपाल प्रवर्द्धन) र प्रमोसन अफ नेपाली प्रोडक्ट्स एब्रोड (विदेशमा नेपाली वस्तु प्रवर्द्धन) गरी दुईवटा टास्कफोर्स सक्रियता साथ नेपाल चिनाउने अभियानमा जुटेका छन् । पहिलो टास्कफोर्स पर्यटन तथा संस्कृति, साहित्य, खेलकुद र फिल्म गरी चार क्षेत्रबाट नेपाल चिनाउने अभियानमा छ भने नेपाली पहिचान बोकेका वस्तु तथा सेवाको उपलब्धताबाट ।

टास्कफोर्स अन्तर्गतको खेलकुद उपसमितिले अहिले विभिन्न देशमा खेल्न पुगेका नेपालीहरूलाई सहयोग गर्नेदेखि सम्बन्धित ठाउँबारे थप जानकारी दिने गर्दा खेलमा थप उत्साह थपिएको अनुभव विदेशमा खेलेर फर्किएका खेलाडीहरूको छ । यस्तै नेपाली संस्कृति प्रवर्द्धनका लागि सरकार र चलचित्र प्रवर्द्धनका लागि विदेशमा रहेका विभिन्न संघसंस्थासँग समन्वय भइरहेको छ ।

विश्वमा नेपाली साहित्यलाई स्थापित गराउने अभियानअन्तर्गत नै 'नेपाली साहित्यको विश्वव्यापीकरणमा गैरआवासीय नेपालीको भूमिका' विषयक संगोष्ठीको आयोजना गरिदै छ । जसका लागि डा. गोविन्दसिंह रावत संयोजक रहेको कार्यसमिति नै सक्रिय छ । टास्कफोर्स अन्तर्गतको साहित्य उपसमितिले अक्टुबर २०१३ मा आयोजना गर्न लागेको संगोष्ठीमा नेपाली साहित्यको विश्वव्यापीकरण, अंग्रेजी र अन्य भाषामा नेपाली साहित्यको अनुवाद तथा दक्षिण एसियाको नेपाली साहित्य गरी तीनवटा कार्यपत्र प्रस्तुत हुनेछन् ।

भएका स्रोत-साधनलाई मूल्य अभिवृद्धि (भ्यालु एडिसन) सहित बिक्री गर्नुपर्छ भन्ने मान्यता गैरआवासिय नेपाली संघको रहेको प्रमोसन अफ नेपाली प्रोडक्ट्स एब्रोड टास्कफोर्सका अध्यक्ष डा. बद्री केसी बताउनुहुन्छ । त्यसैले संघकै पहलमा नेपाली गुन्द्रुक, सिन्की तथा भक्तपुरे लप्सी जस्ता अचारहरू जापान लगायतका मुलुकमा निर्यात हुने गरेका छन् । त्यस्ते नेपाली हस्तकला तथा अन्य मौलिक उत्पादनहरू अन्तर्राष्ट्रिय बजार पुऱ्याउन निर्यातकर्ताहरूको पुलको काम पनि गैरआवासीय नेपालीहरूले गरिरहेका छन् । धेरै हस्तकलाका सामान उत्पादन गर्ने भक्तपुर उद्योग वाणिज्य संघ र एनआरएनबीच नियमित सम्बन्ध नै स्थापित भएको छ ।

त्यस्तै हस्तकलाको अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनका लागि नेपाल हस्तकला महासंघ र एनआरएन बीचमा औपचारिक सम्झौतासमेत भइसकेको छ । हस्तकला महासंघका निवर्तमान अध्यक्ष विकासरत्न धाख्वाका अनुसार व्यक्तिगत पहल तथा नेपाल हाउसहरूले गर्दा हस्तकलाका सामानले अन्तर्राष्ट्रिय बजार पाइरहेका छन् ।

महासंघका अनुसार गत आर्थिक वर्ष २०६८/०६९ मा रु.४ अर्ब ११ करोड ५३ लाख बराबरको हस्तकलाका सामान नेपालबाट निर्यात भएका छन् । त्यसमा १ अर्ब ८२ करोड ४७ लाख बराबरको कपडाजन्य र २ अर्ब १९ करोड ६ लाख बराबरको विभिन्न धातु, काठ, बाँस आदिबाट बनेका हस्तकलाका सामग्री छन् । अघिल्लो आर्थिक वर्ष २०६७/०६८ मा भने रु.३ अर्ब ११ करोड ४ लाख बराबरका हस्तकलाका उत्पादन निर्यात भएका थिए । मुख्यगरी युरोप र अमेरिकाका अलावा एशियाका समेत ७८ मुलुकमा हस्तकलाका सामान निर्यात हुन्छ । यसमा पनि प्रमुख १० मुलुकमा अमेरिका, जर्मनी, चीनको स्वशासित क्षेत्र तिब्बत, जापान, नेदरल्यान्ड, बेलायत, फ्रान्स, क्यानडा, इटाली र डेनमार्क छन् । गत आवमा अमेरिकामा सबै भन्दा धेरै रु.१ अर्ब २० करोड ३१ लाख बराबरको हस्तकलाका उत्पादन निर्यात भएको महासंघले जनाएको छ ।

नेपाल प्रवर्द्धनको लागि विदेशमा भएका गतिविधिमध्ये एक प्रमुख बनेको छ, नेपाल हाउस निर्माण । जसमा कला, संस्कृति, खानपानसहित समग्र नेपालीपनको 'भ्यालु एडिसन' हुने गरेको छ । सन् २०११ मा रसियामा निर्माण गरिएको नेपाल हाउस त्यसको गतिलो नमूना हो । जसको निर्माणमा जम्मा खर्च भएको ३० लाख अमेरिकी डलरमध्ये ५० प्रतिशत स्थानीय लगानीकर्ता र ५० प्रतिशत गैरआवासीय नेपालीहरूले लगानी गरेका हुन् । कला, संस्कृति झल्कने हाउसमा २४ कोठाको होटलसहित नेपाली रेष्टुरेन्ट, नेपाली उत्पादनको पसल र ठूलो बैठक कक्ष रहेको छ । होटल, पसल तथा रेष्टुरेन्टको कमाइबाट






# सिंगो नेपालको प्रवर्द्धन



**तेन्जी शेर्पा**
**महासचिव**, गैरआवासीय नेपाली संघ
**अध्यक्ष**, प्रमोसन अफ नेपाल एब्रोड

नेपाल प्रवर्द्धनलाई कसरी अगाडि बढाउनुभएको छ ?

नेपाल प्रबर्द्धन भन्नाले मौलिक नेपाली पहिचानहरूलाई अन्तर्राष्ट्रियकरण गरेर हामीले आफ्नो परिचय स्थापित गर्न सक्नु हो। शुरूमा विदेशी पर्यटक नेपाल पठाउनुलाई प्रवर्द्धनको मुख्य उपाय ठानिएकोमा अहिले त्योसहित संस्कृति, साहित्य, खेलकुद र चलचित्रले पनि नेपाली मौलिकतालाई समेट्ने हुँदा अन्तर्राष्ट्रिय बजारमा तिनीहरूको प्रवर्द्धनमा जुटेका छौं।

नेपाल हाउस निर्माणमा धेरैको चासो देखिन्छ नि ?

हो, नेपाल हाउस नेपालको प्रवर्द्धनको लागि निक्कै उपयोगी हुने अनुभव भएको छ। रसियाको नेपाल हाउस निर्माणले अन्य देशमा पनि उत्साह थपेको छ। तर, स्थानीयतालाई जोड दिएर पहिचान वा सांस्कृतिक भवन निर्माण गर्ने भनिएको छ। कोरियामा भने इपिएस प्रणालीअन्तर्गत काम गर्न जाने नेपालीहरूलाई समस्या परेको थाहा भएपछि च्यारिटी भवन सञ्चालन गरिएको छ। त्यहाँ स्थानीयका लागि नेपाली भाषाको कक्षासमेत सञ्चालन हुन्छ।

नेपालमा विदेशी लगानी भित्र्याएर व्यावसायिक पहिचान दिने पहल गर्नुभएको छैन ?

कुनै पनि मुलुकका आम जनतालाई नेपाल चिनाउने सांस्कृतिक गतिविधिका अलावा त्यहाँको निजी क्षेत्रबाट नेपालमा लगानी आकर्षित गर्न पनि विभिन्न कार्यक्रम गर्ने गरेका छौं। राष्ट्रिय योजना आयोग, लगानी बोर्ड, उद्योग वाणिज्य महासंघका प्रमुख व्यक्तिहरूको उपस्थितिमा नेपालमा लगानी सम्भावनाबारे स्थानीय व्यवसायीहरूसँग अन्तर्क्रिया पनि भएका छन्। नेपालमा लगानी भित्र्याउनको लागि हामीले विभिन्न मुलुकमा पटक-पटक अन्तर्क्रिया, गोष्ठी अनि सरोकारवालाहरूसँग भेटघाट पनि गर्ने गरेका छौं, यो क्रम अहिले पनि जारी छ। ■

हाउसको सञ्चालन खर्च धानिन्छ।

रसियाको नेपाल हाउसलाई नमूना मान्दै अन्य देशमा पनि यस्ता घर निर्माण हुने क्रममा छन्। एनआरएन बेल्जियमले यो काम शुरु गर्न सप्ताह महापुराणको आयोजना गरेर रकम संकलन गरेको छ। यस्तै कोरियाको सोलमा इपिएस अन्तर्गत गएर समस्यामा परेका नेपालीहरूलाई उद्धार गर्न च्यारिटी घर निर्माण गरी सञ्चालन गरिएको छ। त्यहाँ पनि नेपालसम्बन्धी विभिन्न मौलिक विषेशता समेटिएको छ। सगरमाथाका प्रथम आरोही एडमन्ड हिलारीको मुलुक न्युजिल्यान्डमा तेन्जिङ नोर्गे र एडमण्ड हिलारी सेन्टर स्थापनाको पहल भइरहेको छ। त्यस्तै अमेरिका, क्यानाडा, अष्ट्रेलिया आदि मुलुकमा पनि नेपालको पहिचान झल्कने सांस्कृतिक केन्द्र बनाउने तयारी शुरु भएको छ। विभिन्न देशमा बाहुल्य रहेका जाति/जनजातिले आफ्नो छुट्टै पहिचान झल्कने सांस्कृतिक भवन बनाउने पहल पनि शुरु गरेका छन्। संघले नेपाल हाउस निर्माणमा धेरै देशका शाखाबाट रुचि बढेपछि विगतका अनुभवका आधारमा त्यससम्बन्धी निर्देशिकासमेत बनाएको छ।

गैरआवासीय नेपालीहरूले नेपाल चिनाउने पृथक अभियान सञ्चालनका क्रममा एनसीसी क्यानडाको अगुवाइमा क्यानडा र अमेरिका चल्ने ट्रकमा नेपाल झल्काउने विभिन्न चित्र जनवरी २०१३ मा अंकित गरिएको छ *(हे.तस्विर)*।

धार्मिक रूपमा निर्माण गरिएका मन्दिर र गुम्बाहरू विदेशमा नेपाल चिनाउने अर्को माध्यम बनेका छन्। बेलायतमा पशुपतीनाथको मन्दिर बनाएर नेपालबाटे पुजारीसमेत लगिएको छ। जापानका बुद्धिष्टहरूलाई नेपालका लामाहरूले गुम्बा बनाउने कार्यमा प्राविधिक सहयोग गर्ने गरेका छन्।

यस्तै गोर्खालीहरूको अर्को पहिचान बोकेको खुकुरीलाई अन्तर्राष्ट्रिय दुनियाँमा चिनाउन ४५ मिनेटको बृत्तचित्र नै बनाइएको छ। एनआरएन आईसीसीका सदस्य डा. बद्री केसीका अनुसार रसियन भाषामा रहेको बृत्तचित्र अब अंग्रेजीमा रुपान्तरण गरी अन्य मुलुक पठाउने तयारी गरिएको छ। त्यस बाहेक विभिन्न देशमा हेर्न सकिने नेपाली टेलिभिजन च्यानल तथा नेपाली भाषाका स्थानिय च्यानलहरुले नेपाल प्रबर्द्धनमा योगदान गर्दै आएका छन्। नेपाल टेलिभिजन, कान्तिपुर लगायत स्वदेशी टेलिभिजन च्यानलहरुले भुउपग्रहीय प्रविध तथा बिभिन्न साझेदारहरु मार्फत विदेशमा आफ्नो उपस्थिती जनाउँदै आएका छन्। खाडी लगायत युरोपर र अमेरिकाका विभिन्न देशमा नेपाली पत्रपत्रिका तथा रेडियो पनि सञ्चालनमा छन्।

# भ्यालु एडिसन गर्नुपर्छ

**डा. बद्री केसी**
**सदस्य**, गैरआवासीय नेपाली संघ, **अध्यक्ष**, प्रमोसन अफ नेपाली प्रोडक्टस् एब्रोड



**स्रोत** र साधन हामीसँग पर्याप्त छ, त्यसैले भ्यालुएडिसनसहित अन्तर्राष्ट्रिय बजारमा यसलाई पुऱ्याउनुपर्छ भन्ने टास्कफोर्सको बुझाइ हो। भारत र चीन जस्ता मुलुकसँग जबरजस्ती प्रतिस्पर्धा गर्नुको अर्थ छैन। हामीसँग जे मौलिक छ त्यसैको बजार प्रबर्द्धनमा ध्यान पुऱ्याउनुपर्छ। तर, नेपाली गलैंचा जस्ता प्रशस्त सम्भावना भएका क्षेत्रहरू पनि खुम्चिएर जानुचाहि दुःखद् हो।

हस्तकला तथा थाङ्का पनि पुर्ख्यौली पेशाको रूपमा अपनाएका समुदायबाहेक अरूले त्यो बनाउन नजान्दा मागबमोजिमको उत्पादन हुन सकेको छैन। त्यसैले हाम्रो टास्कफोर्सले उद्योग वाणिज्य संघ भक्तपुरसँग सहकार्य गरी एनसीसी रसियाको सहयोगमा यससम्बन्धी तालिम नै सञ्चालन गरेको छ।

अहिले रसियाको नेपाल हाउस आफ्ने कमाइमा चलेको छ भने अरू देशमा पनि यस्ते हुन सक्यो भने मात्र दिगो हुन्छ। त्यो भनेको पनि हाम्रा सांस्कृतिक धरोहरहरू केवल देख्नलाई मात्र नभई तिनीहरूको भ्यालु एडिसन होस् भन्ने मान्यतामा हो। नेपाल हाउसमा सञ्चालन गरिने रेष्टुरेन्ट, होटल तथा पसलहरू त्यही आय-आर्जन गर्ने माध्यम हुन्। साथै तिनीहरूमा झल्किएको नेपालीपनका कारण दोहोरो भ्यालु एडिसन हुन जान्छ। ■

विभिन्न देशमा आयोजना हुने नेपालसम्बन्धी मेलामा त्यहाँका बासिन्दाको उल्लेख्य सहभागिता हुने गरेको र यो क्रम बढ्दो भएको विभिन्न देशमा एनसीसीका पदाधिकारीको अनुभव छ। अष्ट्रेलिया, बेल्जियम, जापान, अमेरिका, बेलायत, चीन आदि देशका एनसीसीले नेपाल महोत्सवसमेत आयोजना गरिसकेका छन्। अन्य देशमा पनि तयारी भइरहेको छ। नेपाललाई विदेशमा चिनाउने विदेशी नागरिकहरुको पनि ठुलो योगदान रहेको छ। सर्वोच्च शिखर सगरमाथामा पहिलो पाइला राख्ने सर एडमण्ड हिलारी देखि त्यस यताका बिभिन्न आरोहीहरु र नेपाल बिज्ञ टोनी ह्यागन सम्मले अन्तराष्ट्रिय जगतमा हिमाली मुलुकको पहिचान विस्तारमा उल्लेख्य सघाउ पुऱ्याएका छन्।

**कानूनी अप्ठ्यारो पनि छ**

वस्तुको अन्तर्राष्ट्रिय बजार विस्तारका लागि अपरिहार्य हुने बार कोड नेपालले नलिएका कारण नेपाली उत्पादनसमेत भारतीय ब्रान्डमा निर्यात हुन बाध्य छन्। बेल्जियमको ब्रसेल्समा रहेको युनिस्क्यानबाट नेपाल उद्योग वाणिज्य महासंघ जस्ता निजी क्षेत्रका प्रतिनिधि संस्थाले सदस्यता लिएपछि १३ डिजीटलको बार कोड पाइन्छ। नेपाल भारत सन्धिको अभावमा सिमानाबाट कलकत्तासम्मको भाडा अन्तर्राष्ट्रिय दरमा तिर्न परेकाले पनि नेपाली वस्तुहरू विदेशी बजारमा धेरै महँगो पर्छन्।

विदेशमा नेपालको पर्यटन प्रवर्द्धन गर्न सरकारले अत्यन्त न्यून पेसा छुट्याउने गरेको र त्यो समेत खर्च नभइ 'फ्रिज' हुने गरेको छ। लामो प्रक्रियामा अल्झिंदा अल्झिंदे लक्षित उद्देश्यमा नपुगी आर्थिक वर्ष सकिने गरेको विगतको अनुभव छ। भारतले बुद्धको नाम जपेर मनग्गे पर्यटक भित्राइसके पनि कतिपय देशका नेपाली राजदूतहरू बुद्ध नेपालमा जन्मिएको भन्नसमेत डराउने संघका महासचिव शेर्पाको भनाइ छ। आर्थिक कूटनीतिको चर्चा धेरै भए पनि त्यसमा रचनात्मक पहल हुन सकेको छैन। विज्ञापन लगायत अन्तर्राष्ट्रिय बजारमा प्रचारात्मक गतिविधि गर्न सरकारले आफूहरूलाई सहभागी गराउने हो भने अझ प्रभावकारी नतिजा हात पार्न सकिने विश्वास विदेशमा बस्ने सबै नेपालीहरूको छ। ■



कर्ण शाक्य

# 'विदेशमा नेपाललाई चिनाउने गैरआवासीय नेपाली नै हुन्'

**कुनै** पनि नागरिक जसले नेपाली म भन्ने भावना बोकेको छ, त्यसलाई नेपालीको पहिचानको लागि केही कुराको आवश्यकता पर्दैन । किनभने नेपालमा जन्मिएको, नेपाली रगत, नेपालीपन बोकेका कुनै पनि नेपालीलाई आफ्नो देश फर्किन कुनै कानूनको आवश्यकता पर्दैन र पर्नु हुँदैन । संसारमा अन्य कुनै पनि ठाउँमा नभएका प्राकृतिकलगायत विविध सांस्कृतिक सम्पदाहरू नेपालमा छन् । बुद्धको जन्म यहीं भयो, हिन्दू धर्मको महत्वपूर्ण पशुपतीनाथ मन्दिर छ, सर्वोच्च शिखर सगरमाथा हाम्रै देशमा छ । अन्य थुप्रै धार्मिक र प्राकृतिक स्थलहरू छन् । त्यसैले नेपालको प्रचारप्रसार गर्न कुनै कृतिम आकर्षणको आवश्यकता छैन । हामीले प्राप्त गरेका प्राकृतिक र सांस्कृतिक सम्पदाहरूलाई बुझ्न र खोज्न मात्रै आवश्यकता छ । त्यो विश्वमा पुऱ्याउने भनेको गैरआवासीय नेपालीहरूले नै हो । किनभने प्रवासी नेपालीहरू र पूर्खा नेपालमा नै हुर्के-बढेको हो भने नेपालमा के छ भन्ने कुरा उहाँहरूले राम्रोसँग बुझ्नु भएको छ । अहिलेको परिवेशमा हाम्रो देशमा पनि धेरै विकास भइसकेको छ । नेपालमा पनि प्रायः नेपालको सबै शहरहरूमा डोमेस्टिक एयरलाइन्सको सेवा पुगेको छ, उडेर या गुडेर कुनै निश्चित स्थानमा निश्चित समयमा पुग्न सकिन्छ । त्यति मात्र होइन, गाउँघरमा खाने-बस्ने व्यवस्था पनि राम्रो छ । आज भन्दा १० वर्ष पहिले जस्तो अवस्थामा हाम्रो मुलुक छैन । गाउँघरमा पनि विकास पुगिसकेको छ, पर्यटकले गाउँसम्म ट्याक्सी लिएर पनि जान सक्छन् । नेपालमा पर्यटनका लागि प्रशस्त सम्भावना छन्, त्यसलाई प्रवर्द्धन गर्नको निम्ति नेपालमा गैरआवासीय नेपालीहरूले शसक्त रूपमा राजदूतको रूपमा काम गर्दै अघि बढ्नु पर्दछ ।

नेपालीहरू विश्वको जुनसुकै ठाउँमा पुगेका भए पनि त्यहाँ नेपाललाई चिनाउने गरी विभिन्न कार्यक्रमहरू गरिनैरहेका छन् । यो अत्यन्त सराहनीय छ । अहिले राजनीतिक कारणले हाम्रो विशाल नेपाल साँघुरिएको छ । जातजाति, धर्म, संस्कृति जस्ता कुराले नेपाललाई साँघुरो बनाइरहेको छ । यो भनिरहँदा मलाई ज्यादै दुःख लागिरहेको छ । नेताहरूले नेपाललाई बेलायत बनाउनुपर्ने ठाउँमा संकीर्ण कुरा उठाएर साँघुरो बनाइदिएका छन् । तर, फेरि खुसी यो कुरामा छु कि, गैरआवासीय नेपालीहरूले विश्वका ६४ देशमा नेपालको झण्डा गाडेर विश्वव्यापीकरण गरिदिएका छन् । आज यही कारणले नेपाल विश्वव्यापीकरण भएको छ । यो हामी नेपाल र नेपालीको लागि धेरै खुशीको कुरा हो । तर मेरो विचारमा यो मात्रै पर्याप्त छैन । एनआरएनका साथीहरूलाई म अनुरोध गर्न चाहन्छु, तपाइहरूसँग धेरै जिम्मेवारी छ । नेपाल देश र नेपाली जनताले एनआरएनसँग धेरै आशा गरेका छन् र नेपालीले तपाईंहरूलाई सम्मान पनि गरेका छन् । मेरो बुझाइमा सम्मान एकतर्फी हुँदैन, सम्मानसँगै जिम्मेवारी पनि पूरा गर्नुपर्दछ । सम्मान भनेको पचाउने वस्तु होइन । बिहानदेखि रातिसम्ममा राम्रो खानु, राम्रो लगाउनुमात्र जीवनको उद्देश्य हो भने मलाई अरु केही भन्नु छैन । तर, मानिस सम्मानित भएर बाँच्ने हो भने आफ्नो देशप्रति जिम्मेवारी बोक्दै देशको इज्जत थाम्न पनि सक्नुपर्छ । सभ्य नागरिक, इमानदारी भएर बस्नुपर्छ । एनआरएनका साथीहरूले आफू रहेको देशमा सम्मानित भएर बस्नसक्नुपर्छ किनभने उहाँहरूले त त्यहाँ सम्पूर्ण नेपाली र सिंगो देश नेपालको जिम्मेवारी बोकेको छ त्यसैले नेपालको महत्वलाई दर्शाउने गरी थप काम गर्नु आवश्यक हुन्छ । मानिस भएर बाँच्ने हो भने नेपालीपन लिएर इज्जतका साथ बाँच्नुपर्छ ।

## सोच परिवर्तन गरौं

गैरआवासीय नेपाली साथीहरूले विदेशमा बसेर पनि स्वदेशको पहिचान र नातालाई तोड्न चाहनुभएको छैन । नेपालप्रति भावुक भएर मात्रै उहाँहरूले कहिलेकाहीं दुखेसो पोख्नुभएको हो । तर, नेपाल सरकारले एनआरएनलाई हेर्ने दृष्टिकोण गलत छ । विदेशमा बस्नेहरूले धेरै कमाएका छन्, दुवै हातमा लड्डु, उता पनि मज्जा, यता पनि मज्जा छ, भनेर कहिलेकाहीं कुण्ठा पोखेको पनि पाइन्छ । तर, म भन्छु त्यस्तो विचार राख्नु भनेको प्रवासीहरूको समस्या बुझ्न नसक्नु हो ।

म सकारात्मक सोचमा, विश्वास राख्ने व्यक्ति भएकाले यसमा पनि फरक ढंगले हेर्छु । सारा नेपालीका छोराछोरी ठूला-ठूला स्कूल, कलेजमा पढ्छन्, आमाबाबुले सकेसम्मको सबै कुरा लगानी गरेर उनीहरूलाई सक्षम बनाउँछन् र अब मुलुकको लागि केही गर्छन् भन्ने अवस्थामा पुगेका हुन्छन्, त्यति बेला भरपुर लगानी गरिएकामध्ये ९८ प्रतिशत युवा विदेश जान्छन् । आफू, आफ्ना आफन्त वा सरकारले एकजना युवाको लागि लाखौंलाख लगानी गरेको छ । तर, अन्ततः तिनीहरूका लागि स्वास्थ्य, शिक्षामा गरेको लगानी विदेश पलाएन भएको छ । कति सजिलो छ, यूरोप अमेरिकालाई, नेपालले लगानीको भार बोक्ने, फल लिने बेलामा अरुले लिने । विनालगानी नै विदेशीले छानीछानी नेपालीलाई लगेका छन् । यसले हाम्रो चित्त पनि दुख्छ ।



पोखरा

आज हाम्रा नेपालीलाई विदेशीले बौद्धिक अपहरण गरिरहेका छन् भने हामी पनि भोलि उनीहरूको सीपलाई किन नेपाल ल्याउन नसक्ने ? आज भन्दा २०/३० वर्षअघि कोरिया, ताइवानका मानिस अमेरिका गएर अध्ययन गरे, सीप सिके र आफ्नो मुलुक फर्किए, सीप प्रयोग गरेर काम गरिरहेका छन्, हाम्रो देशमा अवसरको खानी छ, जो उद्यमशील छ, त्यो विदेशमा बस्दैन । त्यहाँ त उनीहरू स्वतन्त्र रूपमा रोजगारी गरिरहेका हुन्छन् । कमै मात्र नेपालीले मुलुक बाहिर जहाँ आफू बसेका छन् त्यहाँ थोरै लगानीमा उद्यम गरेको पाइन्छ । सफल र ठूलो स्तरको लगानी गर्ने मालिक बन्नलाई उनीहरू नेपालमै फर्किन चाहन्छन् र फर्कनु पनि पर्छ । विदेशमा सिकेका सीप र शिक्षा नेपालमा प्रयोग गर्न चाहन्छन्, गर्नैपर्छ । किनभने नेपालको सम्पत्ति भनेको त्यो ज्ञान, सीप हो । यदि सरकारले प्रवासीका छोराछारीलाई नेपाल आउने बाटो दिएन, उनीहरूको नेपाली नागरिकतालाई निरन्तरता गरिदिने प्रावधान भएन भने कसरी उनीहरू नेपाल आउने ? उनीहरूलाई दुवै हातमा लड्डु भनी रीस गर्नु भन्दा आफ्नो देशमा सम्मान गरेर फर्काउन आतुर हुनुपर्छ । अन्य मुलुकमा विदेशीहरूले घर किन्ने नीति भइसकेको छ । विश्व नै स्वतन्त्र व्यापारको अवधारणमा गइसकेको छ भने नेपालले पनि अब संसारलाई हेरेर अघि बढ्नुपर्छ । सानो संकुचित दृष्टिले, राजनीतिक रूपले आर्थिक क्रान्ति हुँदैन । विकसित मुलुकको किन विकास भयो, किनभने उनीहरूले श्रमलाई सम्मान गर्न जानेका छन् । ठूलो मात्रै होइन, सानो कामलाई पनि सम्मान दिनुपर्छ, भन्ने ज्ञान छ । त्यो देशमा हुर्किसकेका त्यस्ता मान्छे नेपालमा आइसकेपछि हाम्रो संकुचित सोच, विचारबाट मुक्त हुनलाई यी अवधारणाहरू आवश्यक छ ।

गैरआवासीय नेपालीलाई उनीहरूको मातृभूमिप्रतिको सद्भावपूर्ण सम्बन्धले गर्दा नै समग्रमा नेपालको प्रवर्द्धनको लागि जुनसुके काम गर्नको लागि आत्मविश्वास प्राप्त हुन्छ । हामीले समुदायको विश्वाससँगसँगै सांस्कृतिक सम्पदा बचाउनको लागि पनि भरपुर प्रयास गर्न जरुरी छ । हामीले आफ्नो पहिचानलाई बिर्सन हुँदैन । पछिल्लो समयमा नेपाललाई सक्षम ससक्त विकसित नेपालको रूपमा परिवर्तन गर्ने कुरा आइरहेको छ र काम भन्दा पनि बोलेर मात्र मान्छेहरूले नयाँ नेपाल भन्ने गर्छन् यस सन्दर्भमा म भन्छु, नेपाल हाम्रो त्यही हो जुन हिजो पृथ्वीनारायण शाहले एकीकरण गरेर सिंगो रूपमा विकास गरेको नेपाल । अब त्यसलाई मात्र हामीले मेरो नेपाल, हाम्रो नेपाल, राम्रो नेपाल भन्ने विचारले ओतप्रोत भएर विकास गर्नुपर्छ । धर्म-संस्कृति, भाषा र प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्छ, त्यति भए पुग्छ । देश राम्रो हुन पऱ्यो यो मात्र हामी आम नेपालीको चाहना हुनुपर्छ, त्यो स्वदेशमा बसोस् वा विदेशमा । ■

*(शाक्य पर्यटन व्यवसायी हुन् ।)*

# 'वातावरण आफैंले बनाउने हो'



**इन्द्रा वन**

**संरक्षक, गैरआवासीय नेपाली संघ**

गैरआवासीय नेपालीहरूलाई संगठित गर्ने एक अभियानकर्ताको हैसियतले शुरूवातको क्षणलाई कसरी सम्झनुहुन्छ ?

शुरुमा भीम उदासजी र उपेन्द्रजीले फोनमा, मेलमा नेपालीहरूलाई संगठित गर्ने कुरा गर्दा मेले एनआरएनको बारेमा केही पनि बुझेकी थिएनँ । अष्ट्रेलियामा रहेका नेपाली साथीहरूसँग भेटेर कुरा गरें तर उनीहरू मेरो प्रस्तावमा सकारात्मक नहुँदा अलि दुःख भयो। एनआरएनलाई मानिसहरूले धनीहरूको संस्था भनेर आलोचना पनि गरे। तर मैले पहिलेदेखि नै समुदायको बीचमा काम गर्ने भएकोले केही समय लागे पनि केही साथीहरूको सहयोगमा एनआरएनको अभियानको वास्तविकता बुझाउन सक्षम भयौं। नेपाली साथीहरूको बीचमा पिकनिक कार्यक्रमको अयोजना गरी त्यहींबाट एनआरएन अष्ट्रेलिया औपचारिक रूपमा २००५ मा गठन गरियो । ४० जना जम्मा भएर शुरुमा गठन गरेको एनआरएन अष्ट्रेलिया अहिले यो स्थानमा आइपुगेको छ यो देख्दा असाध्यै खुसी र आनन्द लाग्छ ।

शुरूको त्यो क्षणको उत्साह र उद्देश्य अहिलेसम्म आइपुग्दा हराइसकेको छ कि स्थापना हुँदाको सोचमैं अगाडि बढिरहेको छ ?

सोचे जस्तै सबै कुरामा सय प्रतिशत प्राप्ति खोज्नु हुँदैन, जुन कुरा हुन सक्दैन। हामीले बुझ्नु पर्छ, धेरथोर कमजोरी सबैमा हुन्छ। तर, शुरुको अवस्थाको एनआरएनलाई अहिले तुलना गर्न मिल्दैन। अहिले धेरै राम्रा काम भएका छन् भने संगठन पनि त्यही रूपमा विस्तार भएको छ। विश्वका ६४ राष्ट्रमा संगठन विस्तार भएको छ भने स्वदेशमा एनआरएनमार्फत हुने काममा पनि उल्लेख्य प्रगति छ। हो, गर्न बाँकीचाहिं अझै धेरै छ, त्यो पनि गर्न सकिन्छ भन्नेमा म विश्वस्त छु।

नेपालको लाखौं जनशक्ति विदेशमा छ, त्यो जनशक्ति त्यहीं रहेर स्वदेशलाई फाइदा दिन पनि सक्छ, त्यसको लागि प्रर्याप्त ध्यान पुगेको छ ?

एनआरएनको अभियानले विभिन्न मुलुकमा रहेका नेपालीलाई एकै सूत्रमा बाँध्ने काम गरेको छ। यो नै एक प्रकारको सम्पत्ति हो, मुलुकको लागि। विश्वमा जहाँ बसेको नेपाली भए पनि उनीहरूले नेपालबाट के लिने भन्ने कहिल्यै सोच्दैनन्। के दिन सक्छु भनेर चिन्ता बोकेर काम गरिरहेका छन्। उनीहरूले सिधै केही दिएको नदेखिएला तर नेपाली भाषा, संस्कृति र रीतिरिवाज जोगाउन सधैं तल्लीन भइरहेका हुन्छन्। जसले त्यो मुलुकमा नेपाललाई चिनाउने र पर्यटन बढाउने काम गर्छ। उनीहरूको मुटुमा नेपालको माया छ, त्यसैले धन र मन दुवै नेपालमा लगानी गरेका छन्, गरिरहेका छन् र गर्ने छन्।

स्वदेशलाई जति धेरै दिन सक्थे त्यति दिइरहेका छैनन्, कुरा मात्रै बढी गरेका छन् भन्ने पनि यदाकदा सुनिन्छ नि ?

एनआरएन एउटा पूर्णतः स्वयंसेवी संस्था हो, एउटा अभियान हो। एनआरएनको सांगठनिक काममा लाग्ने सबैले व्यक्तिगत खर्चमा काम गर्ने हो। यही अभियानमार्फत मुलुकको हित र समृद्धिको लागि विभिन्न कामहरू भइरहेका छन्। कति काम लगानीको आधारमा गरेका छन् भने कति काम परोपकारी। अहिले भर्खरै मात्र नेपालको जलविद्युत्मा लगानी गर्ने प्रक्रिया अगाडि बढ्नु त्यसैको एक भाग हो। नेपालका विभिन्न ठाउँमा विभिन्न सवालको सम्बोधन हुने गरी परोपकारी कामहरू पनि भएका छन्। जसले समाजलाई साँच्चै फाइदा गरिरहेको छ। त्यसैले जे-जति काम भएको छ, त्यसैलाई नै प्रशंसा गर्न सिक्नुपर्छ।

लगानी गर्न चाहने वा कुनै परोपकारी काम गर्न चाहनेले नेपालमा त्यस्तो वातावरण नै छैन, झन्झट बढी छ भन्छन् नि ?

लगानीको लागि वातावरण त आफैंले बनाउने हो। वातावरण छैन भनेर आफूले माया गरेको कुरा त्याग्न सकिन्छ र ? सकिदैन नि। नेपाललाई माया गरेर काम गर्नेहरूले कुनै कारण देखाएर यहाँ सहयोग गर्ने हो भने त कसरी मुलुकको माया भयो र ! उनीहरूले विदेशमै लगानी गर्न सक्थे नि। तर त्यो नगरी नेपालमै लगानी गर्नुको कारण नेपालको माया र नेपालको विकास गर्ने चाहना हो। त्यसैले नेपालको माया गरेर लगानी गर्नेहरूलाई वतावरणको कुराले फरक पार्दैन र परेको पनि छैन।

लाभ हुने गरी लगानी गर्ने कुरा त छँदैछ तर गैरआवासीय नेपाली संघले ग्रामीण क्षेत्रदेखि हरेक क्षेत्रमा परोपकारका काम पनि गरिरहेको छ, योचाहिं कत्तिको पर्याप्त छ ?


कसैले आफू जन्मिएको ठाउँमा केही गर्छ भने त्यो नै ठूलो कुरा हो। केही नहुनु भन्दा केही हुनु त स्वभावैले राम्रो कुरा हो नि। त्यसैले हामीले हरेक कुरालाई सकारात्मक रूपमा लिएर अगाडि बढ्न सिक्नुपर्छ। यो काम भएन, यत्तिले पुगेन भन्नु भन्दा पनि यो शुरुवात हो, एनआरएनले आफ्नो जन्मभूमिलाई सम्झेर फरक कर्मभूमिबाट भएको आम्दानीको केही अंश जन्मभूमिमा लगानी गर्नु महत्वपूर्ण कुरा हो।

तपाईं, एक महिला जो एनआरएनको स्थापनादेखि नै लाग्नुभएको व्यक्ति, सिंगो एनआरएनको संगठनमा महिलाको अवस्था कस्तो पाउनुभएको छ ?

एनआरएनभित्र पनि महिला फोरम छ। त्यसबाट सबै मुलुकमा रहेका एनआरएन महिलाहरूको हक, अधिकारको लागि काम भइरहेको छ। पहिलो त हामीले आफ्नो योग्यता र क्षमतालाई बलियो बनाउनुपर्छ। पर्याप्त नहोला तर एनआरएनमा महिलालाई स्थान छैन भन्नेचाहिं होइन। कति महिलाहरू आफ्नो कार्य व्यस्तता र व्यक्तिगत समस्या देखाएर एनआरएनमा आउन चाहँदैनन्। मलाई हेर्नुस्, म आफैं पनि स्थापनाकालदेखि विभिन्न जिम्मेवारीमा रहेर काम गरिरहेको छु। त्यसैले महिला आफैं पहिला अगाडि आउन खोज्नुपर्छ। यसो भएमा जहाँ पनि महिलाको समान सहभागिता हुनेछ।

अहिले एनआरएनमा महिलाको पहिलेको तुलनामा निकै धेरै सहभागिता देखिएको छ, यसमा बृद्धि गर्नको लागि महिला र पुरुष दुवैको सक्रिय सहभागिता र सहकार्यको आवश्यकता पर्दछ। ■

# जलविद्युत्मा लगानी गर्न एक अर्ब संकलन




**गैरआवासीय** नेपाली संघको पाँचौं विश्व सम्मेलनमा प्रतिबद्धता जनाएबमोजिम जलविद्युत्मा लगानी गर्न रु. एक अर्ब संकलन भएको छ। ३५ मुलुकबाट ८०० जनाको लगानीमा उक्त रकम संकलन भएको हो। एनआरएन इन्भेष्ट लिमिटेडमार्फत जन्मभूमि नेपालको जलविद्युत् विकासमा लगानी गर्न अफ्रिकी देश रुवाण्डादेखि दक्षिणी अमेरिकाको चिलीसम्मबाट रकम संकलन भएको छ। अधिकांश नेपालीहरू श्रमिकको रूपमा काममा जाने खाडी क्षेत्रबाट पनि उल्लेख्य रकम लगानीका लागि आएको छ।

सबैभन्दा धेरै अष्ट्रेलियाबाट २६ प्रतिशत लगानी संकलन भएको छ। यस्तै जापानबाट २१, रसिया र बेलायतबाट ९/९ प्रतिशत लगानी भएको छ। दक्षिण कोरियाबाट ७, युएई र जर्मनीबाट ४/४ प्रतिशत लगानी संकलन भएको छ भने साउदी अरेबिया र क्यानडाबाट २/२ प्रतिशत लगानी भएको छ। त्यस्तै युएसए, हङकङ र अफ्रिकाबाट ३/३ प्रतिशत लगानी भएको छ भने अन्य मुलुकबाट ७ प्रतिशत *(हे. पाइचार्ट)* भएको छ। एनआरएनहरूले लगानी गर्ने परियोजना छनोट अन्तिम चरणमा पुगेको छ। पहिलो प्रयासमै सोचेभन्दा छिटो लगानी संकलन भएकाले दोस्रो परियोजना अझ विस्तृत हुने अपेक्षा संघले गरेको छ।

यसैबीच गत २२ जनवरीमा एनआरएन इन्भेष्ट लि. का कार्यहरू र जलविद्युत्मा लगानीबारे यस क्षेत्रमा अनुभवी सानिमा हाइड्रो पावरसँग छलफल सम्पन्न भएको छ। कार्यक्रममा जलविद्युत्मा लगानीको प्रारम्भिक चरणमा गरिने कार्यहरूबारे सानिमाका तर्फबाट प्रस्तुति गरिएको थियो। सो छलफलमा संघका अध्यक्ष जीवा लामिछाने, संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, उपाध्यक्षद्वय क्याप. हितमान गुरुङ, रामेश्वर शाह, महासचिव तेञ्जी शेर्पा, युरोपका क्षेत्रीय संयोजक कुमार पन्त, आईसीसी सदस्य कृष्ण पाण्डे, एनसीसी युकेका अध्यक्ष कुल आचार्य, अष्ट्रेलियाका एनआरएन शेष घलेका साथै अन्य गैरआवासीय नेपालीहरूको सहभागिता रहेको थियो। ■

# एनआरएन विज्ञान प्रतिष्ठान स्थापना

**२०१२** मा अष्ट्रेलियाको सिड्नीमा सम्पन्न सातौं एनआरएन क्षेत्रीय सम्मेलनको घोषणापत्रको मर्मअनुसार नेपालको विज्ञान तथा प्रविधि विकासमा टेवा पुऱ्याउन गैरआवासीय नेपाली विज्ञान प्रतिष्ठान नेपालमा स्थापना गर्न समिति गठन गरिएको छ। सीप, ज्ञान र प्रविधि कार्यदलअन्तर्गत यस प्रतिष्ठानमा गोकुल पाखरेल (संयोजक), डा. राजु अधिकारी, डा. प्रमोद ढकाल, डा. अम्बिका अधिकारी, डा. द्रोण रसाली, डा. हेमराज शर्मा, मन के.सी., डा. शोभाकार ढकाल, डा. बेनु अधिकारी र राजेश राणा सदस्य रहनुभएको छ।

विश्वभरि छरिएर रहेका नेपालीहरूको स्रोत-साधन परिचालन गरी सहयोग परिचालन गर्दै प्रतिष्ठानलाई नेपालमा कार्यालय रहने गरी स्थापना गर्ने सोच बनाइएको छ। प्रतिष्ठानको अल्पकालीन परियोजना 'Science for the people' नामक एउटा जनचेतना तथा जनसहभागितामूलक अभियान रहेको छ भने दिर्घकालीन योजनाअन्तर्गत नेपालमा दिगो तथा समयसापेक्ष विज्ञान तथा प्रविधिको विकास गर्न सहयोग गर्नु रहेको छ। विज्ञान प्रतिष्ठानले समाचार माध्यमहरू, शिक्षा र योजना निर्माणका क्षेत्रमा कार्यक्रमहरू तयार बनाएर सर्वसाधारणमा विज्ञान, संस्कृति एवं सजगता फैलाउने लक्ष लिएको छ। यसअन्तर्गत प्रारम्भिक चरणमा प्रतिष्ठानका तर्फबाट पत्रकारहरूका लागि ६ वटा गहन विज्ञान लेखन वृत्तिहरू, विज्ञान विषयको अध्ययन गर्न मेधावी छात्र-छात्राहरूलाई प्रोत्साहन पुरस्कार र विज्ञान पत्रकार संघलाई सम्मेलन आयोजन गर्न सहयोग प्रदान गर्ने कार्यक्रम रहेका छन्।

यसैगरी आगामी अक्टोबरमा नेपालको विज्ञान तथा प्रविधि, शिक्षा क्षेत्रको नीति तर्जुमा तथा निर्माणसम्बन्धी गोष्ठी सञ्चालन गरिने भएको छ। यस गोष्ठीमा नेपाल सरकार, गैरआवासीय नेपाली र निजी क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहने छ।

प्रतिष्ठानअन्तर्गत एक अक्षयकोष स्थापना गर्न डा. उपेन्द्र महतो, भवन भट्ट, शेष घले, चन्द्र योञ्जन र एनआरएन अष्ट्रेलियाको तर्फबाट सहयोग प्राप्त भएको छ। ■

# दूतावास नबेच्न दवाब

**लण्डनस्थित** नेपाली दूतावास बेच्न लागिएकोप्रति बेलायतका विभिन्न संघसंस्थाले विरोध जनाएका छन्। दूतावासबारे अध्ययन गर्न आएको नेपाल सरकारको प्रतिनिधिसँग भेट गरी दूतावास भवन बेच्न नहुने भन्दै एनआरएन युकेलगायत तीन दर्जन बढी संघसंस्थाले संयुक्त रूपमा राजदूतमार्फत अन्तरिम मन्त्रिपरिषद्का अध्यक्षलाई ज्ञापनपत्र दिएका छन्। ज्ञापनपत्रमा ऐतिहासिक महत्व राख्ने उक्त भवन बिक्री गर्न लागेको कामप्रति हाम्रो असहमति रहनेछ र दूतावासको संरक्षणका लागि जस्तोसुकै योगदान गर्न पनि नेपाली समुदाय तयार छौं भन्ने उल्लेख गरिएको छ। ■





# सुरुङ मार्ग निर्माणमा समझदारी

**गैरआवासीय** नेपाली संघ र नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडबीच राष्ट्रिय महत्वको काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङ मार्ग निर्माणमा सहकार्य गर्न समझदारीपत्रमा हस्ताक्षर भएको छ। सो सहमतिपत्रमा संघका तर्फबाट अध्यक्ष जीवा लामिछाने र कम्पनीको तर्फबाट अध्यक्ष कुशकुमार जोशीले हस्ताक्षर गर्नुभएको छ। कार्यक्रममा अध्यक्ष जोशीले यस परियोजनाले नेपालीहरूको आर्थिक र प्राविधिक क्षमताको उपयोग गरी नेपालीहरूले पनि ठूला परियोजनाहरू सञ्चालन गर्न सक्छन् भन्ने कुरा विश्वसामु स्थापित गर्नसक्ने बताउनुभयो। संघका अध्यक्ष लामिछानेले गैरआवासीय नेपाली संघ एउटा विशुद्ध नाफारहित सामाजिक संस्था भएकोले यसले प्रत्यक्ष रूपमा लगानी नगरे तापनि यसको सञ्जालको सहयोगमा यस परियोजनामा गैरआवासीय नेपालीहरूले प्राविधिक र पूँजीगत सहभागिता जुटाउन सहयोग गर्ने कुरा व्यक्त गर्नुभयो। संघले यसको संयोजन गर्ने जिम्मेवारी उपाध्यक्ष रामेश्वर शाहलाई दिएको छ। ■

# उद्योग वाणिज्य महासंघसँग सहकार्य

**देशको** आर्थिक उन्नतिको लागि सहकार्य गरेर लगानी, पर्यटनका साथै अन्य क्षेत्रहरूमा सहयोग गर्ने लगायतका योजनासहित गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघको बीचमा सम्झौता भएको छ। पहिलेदेखि नै हुँदै आएका सहकार्यलाई निरन्तरता दिँदै भविष्यमा थप क्षेत्रमा सहकार्य गर्ने सम्झौताको मुख्य उद्देश्य रहेको छ। सम्झौतामा संघको तर्फबाट संघका अध्यक्ष जीवा लामिछाने र महासचिव तेञ्जी शेर्पा एवं महासंघको तर्फबाट अध्यक्ष सुरज वैद्य र वरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकारले हस्ताक्षर गर्नुभएको छ। सम्झौता गर्न २० जनवरीमा आयोजना गरिएको कार्यक्रममा महासंघका अध्यक्ष वैद्यले नेपालको आर्थिक उन्नतिको लागि नेपालको विविध क्षेत्रहरूमा सहकार्य गरेर अघि बढ्नुपर्ने बताउनुभयो। संघका अध्यक्ष लामिछानेले गैरआवासीय नेपाली संघले आफ्नो स्थापनाकालदेखि नै नेपाल उद्योग वाणिज्य महासंघसँग विभिन्न कार्यमा सहकार्य गर्दै आएको र भविष्यमा सहकार्य र सहयोगको निरन्तरता रहिरहने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा महासंघले निर्माण गर्न लागेको चौथो तल्लाको कन्फरेन्स हलको लागि सहयोगस्वरुप रु. १० लाखको चेक संघको तर्फबाट हस्तान्तरण गरिएको थियो। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ र एनआरएनका विभिन्न पदाधिकारीको उपस्थिति रहेको थियो। ■



# मन्त्रिपरिषद्का अध्यक्षसँग संघ अध्यक्षको भेट, मतदान गर्न पाउने अपेक्षा

**संघका** अध्यक्ष जीवा लामिछानेले चुनावी मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीसँग भेट गरी गैरआवासीय नेपालीहरूको तर्फबाट उहाँ तथा मन्त्रिपरिषदका सदस्यहरूलाई बधाई दिँदै छिट्टै संविधानसभाको निर्वाचन हुनेमा गैरआवासीय नेपालीहरू विश्वस्त रहेको जानकारी दिनुभयो। भेटमा अध्यक्ष लामिछानेले विदेशमा रहेका नेपालीहरूलाई समेत यस ऐतिहासिक निर्वाचनमा सहभागी गराउने व्यवस्था मिलाउनसमेत अनुरोध गर्नुभयो।

यसैबीच संघले एक वक्तव्य प्रकाशित गरी मतदान गर्ने सम्भावनाबारे निर्वाचन आयोगले अध्ययन गरिसकेको स्मरण गराउँदै लाखौंको संख्यामा विदेशमा रहेका नेपालीहरूले आगामी निर्वाचनमा भाग लिन पाउने अपेक्षा गरेको छ। वक्तव्यमा सबै पक्षलाई मिलाएर तोकिएको समयमा स्वतन्त्र र निष्पक्ष निर्वाचन सम्पन्न गर्न सफलता मिलोस् भन्ने कामना पनि गरिएको छ। ■

# नागरिकताको अप्ठ्यारो हटाउने प्रयास

**नागरिकताका** कारणले एनआरएनहरूले भोगिरहनुपरेका समस्यालाई तत्कालका लागि समाधान खोज्न नागरिकताको निरन्तरतासम्बन्धी कार्यदलले कानूनविद्देखि विभिन्न राजनीतिक दलका नेता र सरकारका उच्च अधिकारीहरूसँग निरन्तर छलफल गरिरहेको छ।

नयाँ संविधान जारी नभएसम्म नेपाली नागरिकताको निरन्तरताले कानूनी प्रवधान नपाउने भएपछि तत्कालको समस्यालाई कसरी हल गर्न सकिन्छ भन्ने बारेमा यो छलफल शुरु गरिएको हो। यसका लागि वरिष्ठ कानूनविद्हरूको एक टोलीले, नागरिकताको कारणले भोग्नुपरेका समस्याहरू के-के छन् र त्यसको समाधानको लागि कानूनी बाटो के छ भन्ने बारेमा अध्ययन गर्ने काम गरिरहेको छ। कतिपय समस्याहरू एनआरएन ऐन २०६४ अनुसार नै समाधान गर्ने र त्यसले समेट्न नसक्ने विषय भए मन्त्रिपरिषद्बाट निर्णय गराएर त्यसमा परिवर्तनसमेत गर्ने गरी तयारी भइरहेको नागरिकता निरन्तरतासम्बन्धी कार्यदलका संयोजक रामप्रताप थापाले बताउनुभयो।

यसैगरी नागरिकताको विषयसँग जोडेर सम्पूर्ण गैरआवासीय नेपालीहरू विरुद्ध सर्वोच्च अदालतमा परेको रिट निवेदनका सन्दर्भमा पनि कार्यदलले कानून व्यवसायीहरूको सल्लाह र सुझावमा उपयुक्त कदम अगाडि बढाइएको छ। "वरिष्ठ कानूनविद्हरू जसले नागरिकतासँग सम्बन्धित हाम्रो सरोकारकोबारे राम्रो जानकारी राख्नुभएको छ, "उहाँहरूले यदि आवश्यक पर्दा सर्वोच्च अदालतमा बहस नै गर्नुहुनेछ", संयोजक थापाले भन्नुभयो।

यसैबीच तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले (एनआरएन)लाई दोहोरो नागरिकता दिन सकारात्मक भए पनि यो व्यवस्था नयाँ संविधानमा मात्रै समेट्न सकिने प्रष्ट पार्नुभएको छ। उहाँले ट्वीटमार्फत दोहोरो नागरिकता बारेमा लेख्नुभएको छ, "हामी एनआरएनको नेपाली नागरिकता कायम गर्ने पक्षमा छौं। तर, नयाँ संविधान बनेपछि मात्रै कार्यान्वयन हुनसक्छ।" ■

# विभिन्न संस्थासँग अन्तर्क्रिया

**कृषि**, पर्वतारोहण र नेपालको प्रवर्द्धन लगायतका विषयसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूसँग संघका अध्यक्ष जीवा लामिछानेले अन्तर्क्रिया गर्नुभएको छ। वैदेशिक रोजगारीको शिलशिलामा इजरायल पुगेका भोजराज कटुवालले नेपालमा कृषि व्यवसायको राम्रो सम्भावना भएकोले त्यहाँबाट सिकेको सीप र ज्ञानलाई अब नेपालमै लागू गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। एनसीसी इजरायलका पूर्वउपाध्यक्ष कटुवाल अहिले नेपालमै मह कृषि नामक व्यवसायमा आवद्ध हुनुहुन्छ।

त्यस्तै ७ सदस्यीय महिला पर्वातारोही टोलीको तर्फबाट पर्वतारोही शैली बस्नेतले आफ्नो टोलीले सात महादेशका अग्ला हिमशिखरहरू आरोहण गर्ने लक्ष्यअनुरूप सगरमाथा, अष्ट्रेलिया र युरोप महादेशका अग्ला हिमशिखर आरोहण गरिसकेको र अब अफ्रिका महादेशको तान्जानियामा रहेको किलिम्यानजारो हिमशिखर आरोहण गर्न लागेको जानकारी दिनुभयो। यसैगरी नेपाल दर्शन नामक किताब र सीडी प्रकाशनसँग आवद्ध युवा समूहले आफ्नो प्रकाशन र कार्यमार्फत स्वदेश र विदेशमा नेपालको प्रवर्द्धन गर्ने जानकारी दिएका थिए। कार्यक्रममा संघका अध्यक्ष लामिछानेले विभिन्न क्षेत्रमा काम शुरु गरिरहनुभएका र गर्न लाग्नुभएका सबैको सफलताको कामना गर्दै त्यस काममा एनआरएनको तर्फबाट नेपाल प्रवर्द्धन लगायतका काममा सक्दो सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो। ■



# परराष्ट्र मन्त्रालयसँग छलफल

**गैरआवासीय** नेपाली संघका अध्यक्ष जीवा लामिछाने नेतृत्वको पदाधिकारी टोलीले तत्कालीन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग भेट गरी विभिन्न विषयमा छलफल गरेको छ। छलफलमा परराष्ट्र मन्त्रालयमा पठाएको निवेदन, गैरआवासीय नेपालीहरूको परिभाषाको विषय र एनआरएन ऐन २०६४ अनुसारको काम, संघको विधान र ऐनमा विवादास्पद विषयवस्तु समेटिएको विषय, राहदानी नवीकरण, नयाँ खुलेका वैदेशिक नियोग, संयुक्त लगानीका कार्यक्रम र एनआरएनको लगानी लगायतका विषयहरूमा अध्यक्ष लामिछाने, उपसभापतिद्वय क्या. हितमान गुरुङ र रामेश्वर शाह र महासचिव तेन्जी शेर्पाले जिज्ञासा र सरोकार राख्नुभएको थियो।

जवाफमा तत्कालीन परराष्ट्रमन्त्री श्रेष्ठले एनआरएनका सरोकारहरू सबै सकारात्मक भएको भन्दै यी विषयमा बहस र छलफल भइरहेको बताउँदै एनआरएनले २०६४ को ऐनमा रहेका प्रावधान अनुशरण गर्दै अगाडि बढ्न आग्रह गर्नुभयो। त्यस्तै विधान र ऐनमा देखिएको विवाद समाधान गर्न दुवैलाई समेट्ने गरी परिभाषा तयार गर्नुपर्ने तत्कालीन उपप्रधानमन्त्री श्रेष्ठको भनाइ थियो। संघका अध्यक्ष लामिछानेले मौखिक रूपमा आफूहरूको सरोकारमा परराष्ट्र मन्त्रालय सधैं सकारात्मक हुने गरे पनि समस्या समाधान नभएको उदाहरण दिँदै प्रतिवद्धतालाई लिखित रूपमै लिन आग्रह गर्नुभएको थियो।

त्यसैगरी सभापति लामिछानेले पुरानो राहदानी हुनेलाई सोझै नवीकरण नगरी नागरिकता छ कि छैन, बुझेर मात्र राहदानी नवीकरण गर्ने सरकारी नीतिको बारेमा उहाँले परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराउनुभएको थियो। विदेशमा रहेका धेरै नेपालीहरूसँग नागरिकता नभएको र कतिपयको नागरिकता र पासपोर्टमा रहेका विवरण भिन्नभिन्न भएको जानकारी गराउनुभयो। सोही अवसरमा १०० मेगावाट भन्दा बढीमा जलविद्युत् आयोजना सञ्चालनको लागि सरकारले ध्यान दिनुपर्ने र सञ्चालनमा आएका तर थप विकास गर्न नसकिएका आयोजना सञ्चालनको लागि लाइसेन्स उपलब्ध गराउन पनि टोलीले आग्रह गरेको थियो। सरकारद्वारा सञ्चालित आयोजनाहरूमा पनि आफूहरू सहयोग गर्न तयार रहेको उहाँले बताउनुभयो। परराष्ट्रमन्त्रालयको तर्फबाट तत्कालीन मन्त्री श्रेष्ठले देशको विकासमा एनआरएनले ध्यान दिनुपर्ने भन्दै यस्ता क्रियाकलापले एनआरएनका समर्थकहरूलाई उत्साह मिल्ने र आलोचकहरूलाई निरुत्साहित पार्ने बताउनुभयो। ■

# बागमतीको सफाइमा एनआरएन अमेरिका

**एनआरएन** अमेरिकाले बागमती नदी सरसफाइ अभियानमा सरकार तथा विभिन्न संघसंस्थाहरूसँग सहकार्य गरेको छ। 'बागमती नदीको पवित्रता, २०१३ को हाम्रो प्रतिवद्धता' भन्ने मूल नाराका साथ शुरु भएको अभियानको ९ फेब्रुअरीमा काठमाडौंको पशुपती क्षेत्रमा एक औपचारिक समारोहका बीच शुभारम्भ गरियो।

प्रधानमन्त्री कार्यालयका सचिव कृष्णहरि बाँस्कोटाको प्रमुख अतिथ्यमा भएको कार्यक्रममा पूर्वमन्त्री गणेश शाह, संघका उपाध्यक्ष रामेश्वर शाह र एनसीसी युएसएका अध्यक्ष प्रल्हाद केसी लगायतको उपस्थिति रहेको थियो। अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति तथा फोहर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रसँग सहकार्य गर्दै ग्लोबल पीस एशोसिएशन र एनआरएन युएसएको संयुक्त आयोजनामा यो कार्यक्रम भएको हो। ■






# जुम्लामा प्रसूति केन्द्र स्थापना गर्न ३५ लाख

**एनआरएन** यूकेले जुम्लामा मितेरी प्रसूति केन्द्र स्थापनाका लागि २५ लाख रुपैयाँ संकलन गरेको छ। अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर आयोजना गरिएको कार्यक्रममा उक्त रकम संकलन भएको हो। एनआरएन महिला फोरमको सहयोगमा एनआरएन यूकेद्वारा आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथि एनआरएनका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले ५ हजार डलरको सहयोगको घोषणा गर्नुभएको थियो।

यस परियोजनालाई बेलायतका समाजसेवीहरू कार्य समितिका सदस्यहरू, विभिन्न संघसस्थाबाट सहयोग प्राप्त भएको थियो। ३५ लाखको लागतमा निर्माण गर्न लागिएको उक्त प्रसूति केन्द्रका लागि यसअघि पहिलो किस्तास्वरुप ७ लाख ८८ हजार एक्सन वक्स् नामक संस्थालाई हस्तान्तरण गरिसकिएको गैरआवासीय नेपाली संघ युकेका अध्यक्ष कूल आचार्यले कार्यक्रममा जानकारी दिनुभयो।

प्रसूति केन्द्र निर्माण सहयोग संकलनका पहलकर्ता तथा एनआरएन युकेका सल्लाहकार टुका क्षेत्रीको अध्यक्षमा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन संस्थापक अध्यक्ष डा. उपेन्द्र महतो, डा. मिलन चालिसे र एनआरएन आइसीसी उपाध्यक्ष क्याप्टेन हितमान गुरुङले संयुक्त रूपमा पानसमा बत्ती बालेर गर्नुभएको थियो। कार्यक्रममा महिला फोरम युकेकी सदस्य संगीता मरहट्टा र अजिता सिखंडाले महिलासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यपत्रमाथि सहभागी महिलाले टिप्पणी गर्नुभएको थियो।

कार्यक्रममा एनआरएन आइसीसीका प्रवक्ता डा. हेमराज शर्मा, युरोपका सह-संयोजक लक्ष्य गुरुङ आइसीसी सदस्य राजन कंडेल, विश्व आदर्श पण्डित, शंकर भण्डारी, एनआरएन युकेका पूर्वअध्यक्ष लगायतको उपस्थिति थियो। कार्यक्रम सम्पन्न गर्न शुर्मा लिम्बूको संयोजकत्वमा समिति गठन गरिएको थियो। ■

# विधान र नियमावलीमा छलफल

**गैरआवासीय** नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधान तथा नियमावलीसम्बन्धी एकदिने कार्यशाला फ्रान्सको पेरिसमा सम्पन्न भयो। विधान समितिका संयोजक तथा संघका प्रवक्ता डा. हेमराज शर्माको उपस्थितिमा भएको कार्यशालामा युरोपका विभिन्न देशबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय समितिका पदाधिकारीहरूले भाग लिएका थिए।

कार्यशालामा उपस्थित हुन नसक्ने सदस्यहरूले विद्युतीय माध्यमबाट धारणा राखेका थिए। एनआरएन फ्रान्सले आथित्य गरेको कार्यशालामा समितिका सदस्यहरू हरिहर अर्याल तथा युवराज गुरुङ, राष्ट्रिय समन्वय परिषद् फ्रान्स र बेल्जियमका अध्यक्ष क्रमश: निर्मल अर्याल र जानकी गुरुङ, अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य अर्जुनकुमार श्रेष्ठ, ओम शर्मा लगायतको सहभागिता थियो। कार्यशालामा निर्वाचन, महाअधिवेशन, महिला तथा युवा, आचसंहिता, सदस्य मनोनयन आदि १५ वटा छुट्टाछुट्टै विषयमा प्रस्तुत गरिएको कार्यपत्रमा छलफल भएको थियो। ■

# बेल्जियममा अन्तर्क्रिया



**बेल्जियम** पुग्नुभएका विभिन्न दलका प्रतिनिधिसँग एनआरएन बेल्जियमको टोलीले अन्तर्क्रिया गरेको छ। अन्तर्क्रिया कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य पर्शुराम मेघी गुरुङ र नेपाली कांग्रेसका केन्द्रीय सदस्य अर्जुन जोशी लगायतका नेताहरूको अन्तर्क्रिया कार्यक्रममा सहभागिता थियो। एनआरएन बेल्जियमकी अध्यक्ष जानकी गुरुङको सभापतित्वमा भएको कार्यक्रममा सहभागीहरूले एक पटकको नेपाली सधैंको नेपाली हुनुपर्ने व्यवस्थालाई संवैधानिक स्वरूप दिनुपर्ने लगायतका विषयमा धारणा राखेका थिए। ■

# विभिन्न मुलुकमा नारी दिवस



जर्मनीको कार्यक्रममा सहभागी।

**जर्मनी**, क्यानडा, अष्ट्रेलियामा, ओमान र बेलायत एनआएनको आयोजनामा १०३ औं अन्तर्राष्ट्रिय नारी दिवस विविध कार्यक्रम गरी मनाइएको छ। कार्यक्रममा नेपालमा महिला हिंसाका घटना बढ्दै गएकोमा चिन्ता व्यक्त गरिएको थियो।

जर्मनीमा, एनआरएन जर्मनीका महिला प्रतिनिधि कमला दाहालको संयोजकत्वमा भएको कार्यक्रममा एनआरएन जर्मनीका उपाध्यक्ष कृष्णप्रसाद गौतम, युवा संयोजक रणबहादुर साउँद लगायतले महिला अधिकारका लागि महिला र पुरुष दुवैको सहकार्य आवश्यक रहेको बताउनुभयो।



क्यानडाको कार्यक्रममा सहभागी महिला।

**क्यानडा**को ओटावा शहरमा महिला दिवसको अवसरमा एनआरएन महिला फोरम उपसंयोजक राधा बस्नेतले छलफल कार्यक्रमको आयोजना गर्नुभएको थियो। कार्यक्रमका सहभागीहरूले क्यानडा र नेपालमा महिलाको अवस्था र उनीहरूको अधिकार बारेमा चर्चा गर्नुभयो। कार्यक्रममा डा. इसारा महत, मञ्जु यादव, तारा उप्रेती, तारा राईले समग्रमा नेपाली महिलाहरूको अवस्था र उनीहरूको हक अधिकारको बारेमा विचार राख्नुभएको थियो। कार्यक्रममा गंगामाया दाहाल, अम्बिका केसी, रेखा श्रेष्ठलाई सम्मान गरिएको थियो। ओटावा क्यानडाका कन्सुलर तारा पोखेलले सबै नेपाली महिलाहरूलाई आफ्नो अधिकार सुनिश्चितताको लागि शुभकामना दिनुभएको थियो।

**ओमानमा** महिला दिवसको अवसरमा गरिएको अन्तर्क्रिया कार्यक्रममा वैदेशिक रोजगारीमा गएका महिलाहरूको समस्या र त्यसको समाधानको बाटोका बारमा छलफल भयो। साउदीका सहचारी टंक राईले विनादूतावास पनि ओमानमा नपाली सस्थाहरूले गरेको उद्धार र राहतका काम तथा जागरणका अभियानहरू प्रशंसनीय रहेको बताउनुभयो। कार्यक्रममा आइसीसीका सदस्य टीकाराम ढकालले महिलाहरूको समस्या समाधान गर्न महिला आफैं सचेत हुनुपर्ने बताउनुभयो। कार्यक्रमका संयोजक सिम्पल थापाले ओमानमा नेपाली चेलीले पाएको दु:खका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रमका विभिन्न सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। ■

# महिला हिंसाविरुद्ध सरकारलाई ज्ञापन

**एनआरएन** अष्ट्रेलियाले नेपालमा महिला हिंसाका घटना बढेकोमा चिन्ता व्यक्त गर्दै तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईसमक्ष ज्ञापनपत्र बुझायो। १०३ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर अष्ट्रेलियामा रहेका नेपालीहरूको तर्फबाट संकलित हस्ताक्षर समावेश गरिएको ज्ञापनपत्र मिस अष्ट्रेलिया नेपाल ऋचा धिताल, संघका सचिवालयका कार्यकारी निर्देशक राजेश राणा सहितको टोलीले सरकारलाई बुझाएको हो। सो अवसरमा तत्कालीन प्रधानमन्त्री भट्टराईले महिला हिंसाविरुद्ध अन्तर्राष्ट्रिय स्तरमै चेतनामूलक अभियान सञ्चालन गरेकोमा गैरआवासीय नेपाली महिलाहरूलाई धन्यवाद दिँदै महिला हिंसाविरुद्ध भइरहेका अभियानमा नेपाल सरकारको समर्थन र सहयोग रहने बताउनुभयो। सो अवसरमा नागरिक समाजका अगुवा पद्मरत्न तुलाधरसहित सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो। यसैगरी एनआरएन युकेको तर्फबाट महिला फोरम संयोजक संगीता मराहठ्ठाको नेतृत्वमा बेलायत स्थित नेपाली दूतावास मार्फत् नेपाल सरकारलाई महिला हिंसाविरुद्ध एक ज्ञापनपत्र बुझाइयो। ■

# अधिकारका लागि ऐक्यवद्धता

**देशमा** महिला हिंसा बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै गैरआवासीय नेपाली संघले त्यस्ता हिंसा रोक्नको लागि उचित पहल गर्न सरकारको ध्यानाकर्षण गराएको छ। वक्तव्य प्रकाशित गरी संघले विभिन्न किसिमका हिंसामा परेका महिलाहरूलाई सहयोग गर्न र त्यस्ता हिंसा दोहोरिन नदिन उचित कदम चाल्न भनेको छ। साथै महिलामाथि हुने हिंसाविरुद्ध देशमा विभिन्न किसिमले भइरहेको जनचेतना र विरोधका कार्यक्रमको सराहना गर्दै एनआरएनको तर्फबाट सर्मथन गरिएको छ। महिला हिंसा रोक्न र कानूनी राज्य स्थापनाको माग गर्दै अकुपाई बालुवाटारका नाममा भएको शान्तिपूर्ण प्रदर्शनमा संघको तर्फबाट महिला फोरमका संयोजक रञ्जु थापाको नेतृत्वमा ऐक्यवद्धतासहित सहभागिता पनि जनाइएको थियो। ■





परोपकार

# पत्रकारका लागि बेलायतबाट १६ लाखको अक्षयकोष

**एनआरएनए** युकेले स्वदेश तथा विदेशमा कार्यरत नेपाली पत्रकारहरूको क्षमता अभिवृद्धि एवं प्रोत्साहनका लागि पत्रकारिता पुरस्कार तथा पत्रकार कल्याण कोष स्थापना गर्न च्यारिटी कार्यक्रम गरेको छ। नेपाल पत्रकार महासंघ, युकेको सहयोगमा ६ जनवरीमा लन्डनस्थित ग्रिनफोर्डटाउन हलमा सांस्कृतिक कार्यक्रमसहित च्यारिटी डिनरको आयोजना गरिएको थियो। प्रत्येक २ वर्षमा पत्रकारिता पुरस्कार दिने पूर्वनिर्णयअनुरूप अक्षयकोष स्थापनाको लागि यो कार्यक्रमको आयोजना गरिएको थियो। च्यारिटी कार्यक्रममा १६ लाख रुपैयाँ संकलन भएको र यो सबै रकमको अक्षकोष स्थापना गरिने एनआरएन यूकेका अध्यक्ष कुल आचार्यले बताउनु भयो।

कार्यक्रमका प्रमुख अतिथि लन्डनस्थित नेपाली कार्यवाहक राजदूत तेजबहादुर क्षेत्रीले पत्रकारहरूप्रति एनआरएनको पहल सकारात्मक रहेको बताउनुभयो। बीबीसी नेपाली सेवामा कार्यरत पत्रकार सुमन खरेलले 'नेपालमा पत्रकारहरूले जोखिम लिएरै भए पनि समाजलाई सुसूचित गराउन निरन्तर अग्रसर भइरहेका छन्, यस्ता पुरस्कार स्थापनाले सञ्चारकर्मीहरूलाई उत्साह थप्नेछ' भन्नुभयो। एनआरएनए उपाध्यक्ष हितमान गुरुङ र प्रवक्ता डा. हेमराज शर्माले पत्रकारहरूका लागि एनआरएन युकेले देखाएको चासो र सरोकारको स्वागत गर्दै कामको प्रशंसा गर्नुभयो। कार्यक्रमको संयोजन रामशरण सिंखडाले गर्नु भएको थियो। ■

## जर्मनीद्वारा नगद हस्तान्तरण



**एनआरएनए** जर्मनीको तर्फबाट हेल्प नेपाल नेटवर्कलाई ३ लाख २० हजार रुपैयाँ परोपकारी कामको लागि एक कार्यक्रमबीच हस्तान्तरण गरिएको छ।

एनआरएन जर्मनीका अध्यक्ष पुष्प थापाको प्रमुख आतिथ्य र क्षेत्रीय शाखा नर्थ राइन वेष्ट फालेनका संयोजक शिखर खड्काको सभापतित्वमा भएको कार्यक्रममा हेल्प नेपाल नेटवर्कका संस्थापक अध्यक्ष रवीन्द्र मिश्रले परोपकारी अक्षय कोषको बारेमा जानकारी दिनुभएको थियो। ■

## जापानद्वारा सहयोग

**एनआरएन** जापानले समाजसेवी तथा सिएनएन हिरो पुष्पा बस्नेत, आमा घरको प्रतिनिधी मोना गोपाली र रक्षा नेपालकी मेनुका थापालाई जनहि १ लाख रुपयाँ आर्थिक सहयोग गरेको छ। काठमाण्डौमा एक कार्यक्रम गरी संघका महासचिव तेन्जी शेर्पा, एशिया प्रशान्तका उपसंयोजक किरण बिक्रम थापा र जापानका आइसिसि सदस्य राजन प्रधानाङ्गले सयुक्त रुपमा उक्त रकम हस्तान्तरण गर्नु भयो।

यसैगरी जापानमा मृत्यु भएकी सानुमाया तामाङको पार्थिव शरीर नेपालमा परिवारसम्म पुऱ्याउन एनआरएन जापानले १ लाख रुपैयाँ सहयोग गरेको छ। सहयोग जुटाउन तामाङ समाज जापान लगायतका संघ-संस्थाको भूमिका थियो। ■

## नेपाल क्रिकेट संघलाई सहयोग

**एनआरएन** युएई र नेपाल क्रिकेट संघबीच काठमाडौंस्थित मूलपानी क्रिकेट मेदानमा इन्डोर सुविधा उपलब्ध गराउनको लागि ६२ लाख रुपैयाँ सहयोग गर्ने गरी एक समभ्रदारीपत्रमा हस्ताक्षर भयो। एनआरएन युएईको तर्फबाट अध्यक्ष चन्द्र रोकाहा र नेपाल क्रिकेट संघको तर्फबाट अध्यक्ष टंक आङ्बुहाङ्ले ८ फेब्रुअरीमा भएको कार्यक्रममा सो सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो। इन्डोर सुविधा एनआरएन विश्व सम्मेलनका अवसरमा उद्घाटन गर्ने गरी निर्माण काम भइरहेको छ। ■



## साइकलयात्रीलाई सहयोग

**एनआरएन** एनआरएन केन्याले विश्व भ्रमणमा रहेका नेपाली साइकलयात्री विरेश दाहाल र जनार्दन खनाललाई केन्यामा स्वागत गर्दै ५० हजार रुपैयाँ बराबरको रकम सहयोग गरेको छ। एनआरएन केन्याका अध्यक्ष कुलबहादुर कार्कीले उनीहरूको विश्व साइकलयात्राले नेपाल र नेपालीलाई चिनाउने तथा विश्वशान्तिको सन्देश फैलाउनेमा आफू विश्वस्त रहेको बताउनुभयो। यसैगरी एनआरएन तान्जानियाले दार ए सलाममा साइकलयात्रीद्वयको स्वागतार्थ एक कार्यक्रमको आयोजना गऱ्यो। संघका अध्यक्ष भरत रिजालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा तान्जानियामा रहेका नेपाली समुदायका तर्फबाट साइकल यात्रीलाई आर्थिक सहयोग हस्तान्तरण गरिएको थियो। त्यस्तै डेनमार्कको कोपेहेगेनमा साइकल यात्री दाहालको स्वागतमा गरिएको कार्यक्रममा एनआरएन डेनमार्कका अध्यक्ष मोहन राज मिश्र लगायतले गौतम बुद्धको जन्मथलो र सरगारमाथालाई विश्वमा चिनाउन गरिएको यो अभियानको प्रसंसा गर्नु भयो। ■

## ज्ञान राईका परिवारलाई सहयोग

**एनआरएन** नाइजेरिया र कुवेतका आईसीसी सदस्य राजन कुँवरले संयुक्त रूपमा ज्ञान राईको परिवारलाई ५६,५०० हजार रुपैयाँ सहयोग गरेका छन्। राई बहराइनको जेलमा विगत दश वर्षदेखि बन्दी जीवन बिताइरहेका छन्। परोपकारी परियोजनाअन्तर्गत नाइजेरियाको तर्फबाट ३१ हजार र कुँवरको तर्फबाट २५ हजार ५ सय रकम संघका अफ्रिका क्षेत्र संयोजक हिक्मत थापाले काठमाडौंमा भएको एक कार्यक्रममा हस्तान्तरण गर्नुभएको थियो। ■

## महिला रोजगारीको समस्याबारे अध्ययन

**वैदेशिक** रोजगारीमा गएका महिला कामदारहरूले भोग्नु परेका समस्याको बारेमा अध्ययन गरेको प्रतिवेदन २८ मार्च काठमाडौंमा सार्वजनिक गरिएको छ। युएन वमन, नेपाल इन्स्टिच्यूट फर डेभल्पमेन्ट स्टडिज र गैरआवासीय नेपाली संघको सहकार्यमा तयार पारिएको प्रतिवेदनमा विशेषगरी खाडी मुलुकमा रहेका महिला कामदारको समस्यालाई समावेश गरिएको छ। साथै यी समस्या र जोखिमलाई कम गर्नको लागि नीति-निर्माण तहमा बस्ने लगायत सरोकावाला व्यक्ति र निकायलाई सुझाव पनि समावेश गरिएको छ। प्रतिवेदन सार्वजनिक कार्यक्रममा सहभागीहरूले आगामी दिनहरूमा प्रतिवेदनको सहयोगमा महिला कामदारहरूको आप्रवासन सरलीकरण र सुव्यवस्थित गर्न मद्दत पुग्ने धारणा राखेका थिए।

एनआरएनए साउदी अरेबिया, लेबनान, युएई तथा कुवेतले प्रत्यक्ष सहयोग पुऱ्याएको सो प्रतिवेदन तयार गर्न डेढ वर्ष लागेको थियो। ■

## मलेसियाको घटनाप्रति दुःख व्यक्त

**मलेसियाको** जोहोर बारुको पासिर गुडांगमा रहेको एक कम्पनीको होस्टेलमा भएको सांघातिक आक्रमणमा परी नेपालीहरू घाइते भएको घटनाप्रति संघले दुःख व्यक्त गरेको छ। सघंले एक वक्तव्य प्रकाशित गरी नेपाल सरकार र मलेसियन सरकारसमक्ष घटनाको सत्य-तथ्य पत्ता लगाई दोषीउपर कारबाही गरी घाइते भएका नेपालीहरूलाई यथाशीघ्र उपचारको व्यवस्था गर्न माग गरेको छ। मलेसियामा रहनुभएका सम्पूर्ण नेपालीहरूलाई यस असहज परिस्थितमा संयमतापूर्वक आपसी सद्भाव कायम गर्न तथा कुनै किसिमको असमान्य परिस्थिति आइपरेमा आधिकारिक निकायसँग समन्वय गर्नसमेत संघले अनुरोध गरेको छ। ■

## दूतावास स्थापनाको स्वागत

**ओमान** र बहराइनमा नेपाली दूतावास स्थापना गर्ने सरकारी निर्णयको संघले स्वागत गरेको छ। आफूले गरेको अनुरोधलाई स्वीकार गर्दै ओमान र बहराइनमा जस्तै धेरै गैरआवासीय नेपालीहरू बसोबास भएका देशहरूमा पनि भविष्यमा दूतावास स्थापना हुने अपेक्षा संघले गरेको छ। ■

## परोपकारी परियोजनाद्वारा सहयोग

**विभिन्न** देशका एनसीसीहरूले परोपकारी कामको लागि संकलन गरेको ७ लाख ५० हजार रुपैयाँ संघका अध्यक्ष जीवा लामिछानेले विभिन्न संघसंस्थाहरूलाई हस्तान्तरण गर्नुभयो।

उक्त सहयोग रकम एनसीसी इजरायलले सिन्धुली र रोल्पा जिल्लाका द्वन्द्वबाट प्रभावित बालबालिकाहरूको लागि, एनसीसी पोर्चुगलले सेती नदीबाट प्रभावित कास्की जिल्लाको माछापुच्छ्रे उच्चमाविका लागि, जापानका एनआरएन कपिलदेव थापाले नेपाल लाइब्रेरी फाउण्डेशनका लागि र एनसीसी युकेले हेल्प नेपाल नेटवर्कको अक्षय कोष र क्यान्सरबाट पीडित बालिका अंकिता रिजाललाई सहयोग गर्न जम्मा गरेको थियो।

२० जनवरीमा भएको रकम हस्तान्तरण कार्यक्रममा परोपकारी परियोजना कार्यदलका संयोजकसमेत रहनुभएका अध्यक्ष लामिछानेले विदेशमा बस्ने गैरआवासीय नेपालीहरूले दुःखसाथ आर्जन गरेको रकममध्ये केही रकम छुट्याएर स्वदेशमा परोपकारी कामको लागि पठाएको स्मरण गराउँदै यो रकमको धेरै भन्दा धेरै सदुपयोग गरिदिन आग्रह गर्नुभयो। ■



# जर्मनीमा हिमालयन दिवस

**जर्मनीको** कोलन शहरमा विभिन्न कार्यक्रम गरी हिमालयन दिवस बनाइयो। जर्मन-नेपाल मैत्री संघको आयोजनामा भएको कार्यक्रममा नेपाल र हिमालयलाई माया गर्ने दर्जनौं संघसंस्था लगायत जर्मनीका उच्च व्यक्तित्वहरू सहित एक हजारभन्दा बढीको सहभागिता रहेको थियो।

कार्यक्रममा हावापानी तथा वातावरण परिवर्तनको असरबाट हिमालयको अस्तित्व बचाउन गर्नुपर्ने कामलगायत हिमालय क्षेत्रको संस्कृति, भाषा, कला, रहनसहन, पुरातत्वको विषयमा विभिन्न विज्ञहरूले जानकारी दिनुभएको थियो। नेपाल र हिमालयसम्बन्धी विभिन्न स्टलहरूमा नेपाली हस्तकलाका सामानहरू राखिएको थियो भने नेपाली खाना, नेपाली संगीत र नृत्यले कार्यक्रमलाई नेपालमय बनाएको थियो।

जर्मनीका लागि नेपाली राजदूत डा. सुरेशप्रसाद प्रधानको प्रमुख आतिथ्य भएको कार्यक्रमको संयोजन जर्मन-नेपाल मैत्री संघका अध्यक्ष तथा नेपाली वाणिज्य दूत तथा एनआरएनका सरक्षक रामप्रताप थापाले गर्नुभएको थियो। कार्यक्रममा एनआरएनए जर्मनीका अध्यक्ष पुष्प थापा विशेष अथितिको रूपमा उपस्थित हुनुहन्थ्यो। ■

# कोरियामा नेपाल महोत्सव




**एनआरएन** दक्षिण कोरियाले 'प्रकृति, संस्कृति, कला, साहित्य र वास्तुकलामा समृद्ध नेपाल' भन्ने मूल नाराका साथ नमस्ते नेपाल महोत्सव २०१३ आयोजना गऱ्यो। नेपाल र कोरियाबीचको कूटनीतिक सम्बन्धलाई बलियो बनाउन र नेपालमा पर्यटनको प्रवर्द्धन गर्न तथा नेपाली समुदायहरूको बीचमा मैत्रीपूर्ण सद्भावका कायम गर्नका लागि यो कार्यक्रमको आयोजना गरिएको एनआरएन कोरियाका अध्यक्ष केपी सिटौलाले बताउनुभयो।

महोत्सवको उद्घाटन कार्यक्रममा राजदूत कमानसिंह लामाले हामी जहाँ भए पनि हाम्रो नेपालीपन हामीसँगै हुन्छ भन्ने देखाउन यस्ता कार्यक्रमको महत्व रहेको बताउनुभयो। ■

## चिनारी



डा. गोविन्दसिंह रावत, टोरोन्टो

# क्यानडामा नेपाली

**क्यानडामा** नेपालीहरूको प्रवेश कहिले र कोबाट भयो भन्ने बारेमा कुनै लिखित जानकारी प्राप्त नभए पनि सन् १९६१ मा व्यापारको शिलशिलामा क्यानाडा आउनुभएका राजजीत सिंह कट्टोजका अनुसार ६० को दशकदेखि आगमन शुरु भएको हो। क्यानाडामा नेपालीहरूका लागि आदिपुरुषको रूपमा चिनिने सिंह आफू आएसँगै भारतीय समुदायको बाहुल्यता रहे पनि नेपालीको रूपमा दशकसम्म आफूमात्र रहेको बताउनुहुन्छ। नेपाली समुदायको प्रतिनिधित्व गर्दै ८० को दशकदेखि नै उहाँको छोरा शाम कट्टोज पहिलो नेपाली रियल स्टेट एजेन्टका रूपमा कार्यरत छन्। त्यसपछि १९६६ मा उर्मिला उपाध्याय नेपालको हस्तकलाको व्यापारीका रूपमा आउनुभएको देखिन्छ भने सोही वर्ष मोहन श्रेष्ठ विद्यार्थीका रूपमा क्यानडा प्रवेश गरेको पाइन्छ। ७० को दशकको आगमनसँगै डा. जपनारायण श्रेष्ठ अनुसन्धान वेज्ञानिकका रूपमा क्यानडा प्रवेश गरेसँगै राधा बस्नेत (१९७०), डा. कुन्जर शर्मा (१९७१), वेदजङ्ग थापा (१९७२), लक्ष्मण त्रिपाठी (१९७०), डा. कुमुद र भद्रिका शर्मा (१९७४), विजय श्रेष्ठ र किरण श्रेष्ठ (१९७५) र १९७९ मा किरण ढुङ्गाना आदिको आगमन भएको पाइन्छ।

तर, अहिले क्यानडामा नेपालीहरू पन्ध्रदेखि बीस हजारको हाराहारीमा रहेको अनुमान छ। जसमध्ये सबैभन्दा बढी विशाल टोरोन्टोमा रहेका छन्। जहाँ पाँच हजारको हाराहारीमा नेपालीहरू रहेको अनुमान छ।

### संस्थागत विस्तार

सन् १९९१ मा नेपाली एशोसिएशन इन क्यानडा-नेक (एनएसी) को स्थापनासँगै आफ्नो परम्परागत चाडपर्वको अवसरमा भेटघाट कार्यक्रमको आयोजना गरेर नेपाली समाजको संस्थागत विस्तार गराउन थालेका हुन्।

पुरानो संस्थाका रूपमा परिचित नेपालिज कम्युनिटी नेटवर्क अफ क्यानाडा (एनसीएनसी) ले नेपाली समुदायका लागि विभिन्न कार्यक्रमहरू गर्दैआएको छ। सन् २००० मा 'नेप्लिज क्यानेडियन कम्युनिटी सर्भिसेज'को स्थापनापश्चात नेपाली भाषा, साहित्य र कला-संस्कृतिको विस्तार तथा प्रवर्द्धनका लागि टोरोन्टोमा नेपाली कक्षाको सञ्चालन, वार्षिक हिमालयन मेलाको आयोजना लगायतका विभिन्न कार्यक्रमहरू निरन्तर भइरहेका छन्।

नेवाः गुठी, जनजाति संघ, मगर संघ जस्ता विभिन्न जातजाति र संस्कृतिसँग सम्बन्धित समुदायहरू लालीगुँरास स्पोर्ट्स क्लब, टोरोन्टो साहित्य समाज, अनेसास टोरान्टो च्याप्टर आदि संस्थाहरू आ-आफ्नो विधामा क्रियाशील छन्। त्यस्तै अध्ययनको क्रममा क्यानडा आएका युवाहरूको प्रयासबाट २०१० देखि टोरोन्टो नेपाली चलचित्र महोत्सवका माध्यमबाट सूचनामूलक नेपाली डकुमेन्ट्री र चलचित्रहरूको प्रदर्शनी गर्दैआएका छन्।

७० को दशकमा केही विद्यार्थीहरूको आगमनपछि नेपालीहरूको चहलपहल शुरु भएको क्यालगेरीमा "नेप्लिज कम्युनिटी सोसाइटी अफ क्यालगेरी" र १९८५ मा "क्यालगेरी नेप्लिज कम्युनिटी एशोसिएशन" को स्थापना भएको हो। १९८० मा भ्यानकुभरमा त्यहाँका नेपालीहरूले प्रान्तीय प्रतिनिधित्व रहने गरी "नेपाली कल्चरल सोसाइटी अफ बृटिश कोलम्बिया" को स्थापना भएको थियो भने अहिले यस क्षेत्रमा भुटानी नेपालीहरूको आगमन भएपछि संस्थागत गतिविधि बढेको छ। क्युबेकमा २००१ मा "एशोसिएशन अफ नेप्लिज ईन क्युबेक" को स्थापना भएपछि सामुदायिक गतिविधिमा तिब्रता बढ्दै गएको छ। क्यानडाको राजधानी अटवामा संख्यात्मक रूपमा नेपालीहरू कम रहे पनि नेपालीहरूको आगमन भने ७० को दशकदेखि नै शुरु भएको थियो। २००२ मा "नेप्लिज क्यानेडियन एशोसिएशन अफ अटवा" को स्थापनापछि सामाजिक, सांस्कृतिकसँगै साहित्यिक क्रियाकलापहरू बढ्दै गएको छ भने यसै संस्थाको मातहतमा साहित्यिक विद्युतीय पत्रिका "अटवा चोतारी" प्रकाशित हुँदैआएको छ।

नेपालीहरूको बस्ती बढ्दै गएको एडमिनटनमा सन् १९९९ मा "नेप्लिज-क्यानेडियन सोसाइटी अफ एडमिनटन" को स्थापना भएको छ भने मनिटोबामा पनि "नेपाली कल्चरल सोसाइटी अफ मनिटोबा" को स्थापनापछि यहाँको नेपाली समुदायमा सामाजिक, सांस्कृतिक तथा साहित्यिक गतिविधिले निरन्तरता पाएको छ।

### एनआरएनले सबैलाई समेट्यो

सन् २००७ मा दर्ता भई २००८ अगस्टमा पहिलो राष्ट्रिय सम्मेलन गरेसँगै यहाँका नेपालीहरूको एउटै मञ्चको रूपमा एनआरएन क्यानडा स्थापना भयो। जसका लागि विशाल टोरोन्टोका अवेतनीय वाणिज्यदूत डा. कुन्जर शर्मा र नरेश कोइरालाको भूमिका प्रमुख थियो। जसपछि कोइरालाद्वारा सञ्चालित "लाईब्रेरी फाउण्डेशन" एनआरएनएको मुख्य परियोजनाका रूपमा सञ्चालित हुँदैआएको छ। त्यस्तै सुर्खेत जिल्लामा शुरु गरिएको नमूना गाँउ विकास परियोजनाका लागि सहयोगी संस्थालाई निरन्तर आर्थिक सहयोग प्रदान गरिँदै आएको छ। एउटा महत्वपूर्ण परियोजनाका रूपमा देखिएको खुला विश्वविद्यालय एनआरएन क्यानडाकै पहलबाट शुरु गरिएको हो।

एनआरएन क्यानडाको स्थापनापछि एडमिनटनको नेपाली क्यानडा समाजले 'नेपाल हाउस' निर्माणका लागि जग्गा खरिद गरिसकेको छ भने अन्य प्रान्तमा पनि नेपाल हाउस निर्माणका लागि पहल शुरु भएका छन्। भाषा, साहित्य र संस्कृति उपशाखाको पहलमा साहित्यिक कार्यक्रमको आयोजना हुँदै आएको छ भने यथाशीघ्र क्यानडाका कविहरूका काव्यात्मक अभिव्यक्तिहरूको संगालो पनि प्रकाशित गरिँदै छ। नेपालीहरूका बीच आत्मीयता बढाउन भ्यानकुभर प्रान्तको खेलकुद उपशाखाको पहलमा पश्चिम क्यानडा र उत्तर-पश्चिम अमेरिकाबीच वार्षिक रूपमा हुने खेलकुद कार्यक्रमले महत्वपूर्ण सहयोग गरेको छ।

क्यानडामा बसोबास गर्ने नेपालीहरूको व्यापार व्यवस्थापनमा पनि सहभागिता बढ्दो छ भने सरकारीका साथै कानूनी, चिकित्सा, अध्यापन, यातायात लगायतका क्षेत्रमा प्रवेश थपिँदै गएको पाइन्छ। ■

*प्रस्तुत लेखमा भएका तथ्यहरू लेखकको निजी श्रोतका हुन्*

# अन्तर्राष्ट्रिय महाधिवेशन र छेठौं विश्व सम्मेलन अक्टोबरमा

**गैरआवासीय** नेपाली संघको अन्तरष्ट्रिय महाधिवेशन र छैठौं विश्व सम्मेलन १८-२२ अक्टोबर, २०१३ मा काठमाडौंमा हुने भएको छ। संघको १६ मार्चमा भएको अन्तर्राष्ट्रिय समन्वय परिषद् (आईसीसी) को ३६औं बैठकले सम्मेलनको मिति निर्धारण गर्दै अध्यक्ष जीवा लामिछानेको संयोजकत्वमा आयोजक समिति गठन गरेको छ। बैठकमा जलविधुत्मा लगानी, वैदेशिक रोजगार, संघको दर्ता, युवा तथा महिलासम्बन्धी विषय, नेपाली नागरिकताको निरन्तरता लगायतका विषयमा भएका प्रगति विवरण तथा अन्य विविध विषयहरूमा छलफल भएको प्रवक्ता डा. हेमराज शर्माद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

बैठकले आईसिसिले जारी गरेको राष्ट्रिय महाधिवेशन सम्वन्धि नियम(ावली अनुसार राष्ट्रिय समन्वय परिषदहरुको महाधिवेशन सेप्टेम्वर ३० सम्म सम्पन्न गर्न र यसै महाअधिवेशनबाट राष्ट्रिय समन्वय परिषदहरुका पदाधिकारी र अन्तराष्ट्रिय समन्वय परिषद सदस्यको निर्वाचन गर्न निर्देशन गरेकोछ। साथै बैठकले बैदेशिक रोजगारमा रहेका नेपालीहरुका समस्याहरु बारे एक स्वेतपत्र तयार गर्न र बैदेशिक रोजगारमा जानेहरुलाई जानकारी पुस्तिकातयार गर्ने कार्यलाई तिब्रता दिने र तत्काल देखिएका समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराउने निर्णय पनि गरेको छ। ■

# युरोपियन क्षेत्रीय बैठक ज्यूरिच र एसिया प्यासिफिकको बैठक मनिलामा

**गैरआवासीय** नेपालीहरूको संगठन गैरआवासीय नेपाली संघ एनआरएनको युरोपियन क्षेत्रीय बैठक हुने भएको छ। आगामी जुन महिनाको २१ तारिखदेखि २३ तारिखसम्म स्वीट्जरल्याण्डको ज्यूरिचमा हुने उक्त सम्मेलनमा क्षेत्रीय बैठकका साथै युरोपीय महिला सम्मेलनसमेत हुने भएको छ। एनआरएन राष्ट्रिय समन्वय परिषद् स्वीट्जरल्याण्डको आयोजनामा छैठौं एनआरएन युरोपियन क्षेत्रीय बैठक र चौथो महिला सम्मेलन हुन लागेको एनआरएन युरोप क्षेत्रीय समिति युरोपका संयोजक कुमार पन्तले बताए। एनआरएनको अभियानको लक्ष्य र उद्देश्य प्राप्तिका लागि तथा युरोपमा रहेका एनआरएनहरूको बीचमा सहकार्य र समन्वयका लागि उक्त बैठक र सम्मेलन महत्वपूर्ण रहेको संयोजक पन्तको भनाइ छ। बैठकपछि युरोपमा रहेका एनआरएनहरुलाई अझ सशक्त बनाउने अपेक्षा गरिएको छ।

त्यसैगरी, एनआरएन एशिया प्यासिफिक क्षेत्रको बैठक फिलिपिन्सको मनिलामा हुने भएको छ। आगामी १८ मे २०१३ मा एकदिने बैठक बस्न लागेको हो। अष्ट्रेलियाको सिड्नीमा भएको गैरआवासीय नेपाली सघको सातौं क्षेत्रीय सम्मेलनले बैठकको स्थान र मिति तय गरेको थियो। बैठकको एजेन्डाका बारेमा केही समयपछि जानकारी गराइने एनआरएन एशिया प्यासिफिक क्षेत्रका संयोजक यमकुमार गुरुङ त्रिलोकले जानकारी दिनुभयो। ■

संघको विश्व सम्मेलन र अन्तर्राष्ट्रिय अधिवेशनको मिति तोकिएको अवस्थालाई ध्यानमा राखेर यो अंकमा हामीले चार महिनाको सामग्री समावेश गरेका छौं। अबका अंकहरू सधैं झैं प्रत्येक तीन-तीन महिनामा नै प्रकाशन हुनेछन्।

**– प्रधानसम्पादक**

# गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पछिल्ला गतिविधि

**डिसेम्बर १:** कार्यकारी सचिवालयको नवौं बैठक सम्पन्न। बैठकमा मुख्यतया सामूहिक लगानी, संघ दर्ताका साथै अन्य समसामयिक विषयमा छलफल।

**डिसेम्बर ५:** ५ देखि १२ सम्म गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामीछानेको नेपाल भ्रमण। गैरआवासीय नेपालीहरूको नागरिकता, लगानी र गैरआवासीय नेपाली सम्बन्धमा बनेको ऐन र नियमावली आदिबारे छलफल।

**डिसेम्बर ९:** राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा एनआरएन सल्लाहकार बोर्डको तेस्रो बैठक सम्पन्न। बैठकमा मुख्यतया गैरआवासीय नेपालीको परिभाषा, परिचयपत्र, संघ दर्ताका साथै अन्य गैरआवासीय नेपाली सरोकारका विषयहरूमा छलफल।

**डिसेम्बर १२:** संघका अध्यक्षले नेपालका राष्ट्रपति डा. रामवरण यादवसँग भेट गरी संघ दर्ता र गैरआवासीय नेपालीको नागरिकता लगायत समसामयिक विषयमा छलफल।

**डिसेम्बर १५:** ३५ औं आइसीसी बैठक सम्पन्न। एनआरएन सामूहिक लगानी कोषको प्रगति विवरण, नागरिकता निरन्तरता, वेदेशिक रोजगार, संघ दर्ता, सातौं क्षेत्रीय सम्मेलन र गैरआवासीय नेपाली दिवसको प्रतिवेदन, नेपाल पूर्वाधार कम्पनीसँग सम्झौतामा हस्ताक्षर, महिला विश्व सम्मेलन, सामाजिक सशक्तीकरण च्याम्पियनका साथै अन्य सरोकारका विषयमा छलफल।

**जनवरी ९:** संघका अध्यक्ष लामिछाने चितवन महोत्सवमा सहभागी।

**जनवरी १५:** रसुवा जिल्लामा रहेको तल्लो मेलुङ हाइड्रोपावर प्रोजेक्टको अवलोकन। सो भ्रमणमा संघका अध्यक्ष जीवा लामिछाने, उपाध्यक्ष रामेश्वर शाह, एनसीसी युकेका अध्यक्ष कूल आचार्य, अष्ट्रेलियाका एनआरएन शेष घले, माथिल्लो मेलुङ हाइड्रोपावर प्रोजेक्टको स्वामित्वप्राप्त कम्पनीको तर्फबाट मोलनिया पावर लि.का प्रतिनिधि इ. भूपेन्द्र जोशी, सानिमा हाइड्रोपावरका इ. पदम पोडेल र गैरआवासीय नेपाली संघ सचिवालयका कार्यकारी निर्देशक राजेश राणाको सहभागिता।

**जनवरी १७:** गैरआवासीय नेपाली संघ र नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडबीच सम्झौतापत्रमा हस्ताक्षर। काठमाडौं-हेटौंडा सुरुङमार्ग निर्माणमा सहकार्य गर्ने।

**जनवरी १७:** पूर्वसभामुख सुवासचन्द्र नेम्वाङ र कानूनविद्हरू राधेश्याम अधिकारी, खिमलाल देवकोटा र अग्नी खरेलसँग भेट गरी गैरआवासीय नेपालीहरूको नागरिकताको निरन्तरता र हालै दोहोरो नागरिकता विरूद्धमा सर्वोच्चमा परेको मुद्दाबारे छलफल। सो कार्यक्रममा संघका अध्यक्ष, उपाध्यक्ष क्याप. हितमान गुरुङ, एनसीसी युकेका अध्यक्ष कूल आचार्य र सचिवालयका कार्यकारी निर्देशकको सहभागिता रहेको थियो। यसै विषयमा पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालसँग पनि छलफल।

**जनवरी १८:** गैरआवासीय नेपाली संघका अध्यक्ष जीवा लामिछानेको नेतृत्वमा गएको एक प्रतिनिधिमण्डलले तत्कालीन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटघाट। मुख्यतया संघ दर्ता, सामूहिक लगानी, गैरआवासीय नेपाली परिचयपत्र सम्बन्धमा छलफल। सो छलफल कार्यक्रममा गैरआवासीय नेपाली संघका उपाध्यक्षद्वय क्याप. हितमान गुरुङ र रामेश्वर शाह, महासचिव तेज्जी शेर्पा र कार्यकारी निर्देशकको सहभागिता।

**जनवरी १९:** एनसीसी युकेको सहयोगमा गैरआवासीय नेपाली संघ परोपकारी परियोजनाअन्तर्गत जुम्ला जिल्लाको मितेरी प्रसूति गृहलाई सहयोग। संघका अध्यक्ष र एनसीसी युकेका अध्यक्षद्वारा संयुक्त रूपमा चेक एक्सन वक्स नेपाल (एवोन) का अध्यक्ष राधा पौडेललाई हस्तान्तरण।

**जनवरी २०:** गैरआवासीय नेपाली संघ र नेपाल उद्योग वाणिज्य महासंघबीच सम्झौतापत्रमा हस्ताक्षर। रू. १० लाख महासंघको भवनको चौथो तल्ला थप्नका लागि सहयोग प्रदान।

**जनवरी २०:** परोपकारी परियोजनाअन्तर्गत माछापुच्छ्रे उच्चमावि, सिन्धुली र रोल्पाका द्वन्द्वपीडित बालबालिकाहरू, क्यान्सरपीडित बालिकालाई आर्थिक सहयोग, नेपाल लाइब्रेरी फाउण्डेशन र हेल्प नेपाललाई सहयोग प्रदान।

**जनवरी २१:** नेपाल सरकारको परिभाषा संघको विधानमा उल्लेख गरी दर्ताको निवेदनको लागि परराष्ट्र मन्त्रालयले पत्र पठाएको।

**जनवरी २१:** महिला फोरमको नेपालमा भइरहेको महिला हिंसा विरूद्धको धर्नामा ऐक्यवद्धता जनाउँदै सहभागिता।

**जनवरी ७:** ७ देखि २७ सम्म संघका अध्यक्षद्वारा नेपाल भ्रमण। नेपाल सरकारका साथै विभिन्न सरोकारवालाहरूसँग एनआरएनका हकहितको लागि भेटघाट तथा छलफल कार्यक्रममा सहभागिता।

**मार्च १६:** अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसीसी) को ३६ औं बैठक साइबर कन्फरेन्समार्फत सम्पन्न। उक्त बैठकमा विशेषगरी गैरअवासीय नेपाली विश्व सम्मेलन, संघको अन्तर्राष्ट्रिय महाधिवेशन, क्षेत्रीय बैठकहरू विषयमा छलफल गरी निर्णय।

# विदेशमा नेपाली धर्म-संस्कृति, कला-साहित्य, भेषभूषा



जापानी स्कुलमा नेपालबारे जानकारी दिँदै ।



हामी सबै सँगै ।




बेल्जियमः बुद्धमार्फत नेपाल चिनाउँदै ।



देउसीमा रमाउँदै ।



युरोपको सुपरमार्केटमा नेपाली खाद्यवस्तु ।



विदेशमा घन्किँदै पञ्चेबाजा ।



रसियामा निर्मित नेपाली मन्दिर ।







गुरुङ भेषभूषा ।



अष्ट्रेलियामा कलश जुलुस ।



कोरियामामा सारङ्गी र मादल ।



नेपाली हस्तकला विश्वमा ।



लण्डनको फेसन शोमा नेपाली ढाका ।

प्रधान सम्पादकः डा. हेम राज शर्मा, गैरआवासीय नेपाली संघ, सचिवालय, टेकु, काठमाडौं, फोन नं ९७७-०१-४२१५२४७, ४२६२२५५, इमेलः nrn@nrn .org .np, contact@nrn .org .np, वेबसाइटः www .nrn .org .np

सामग्री संयोजनः आउटलाइन मिडिया, काठमाडौं, नेपाल, www.outline .com.np, E-mail: info@outline.com.np, Tel: 01- 4102103, www.onsnews.com

गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा प्रकाशित, यस न्युजलेटरमा प्रकाशित सामग्री, लेख तथा अन्तर्वार्ता साभार गरी पुनः प्रकाशन गर्न सकिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।